# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ३० | २०७३ माघ १७ गते सोमबार | Monday, Jan 30, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## सहिद परिवारलाई सम्मान

**परासी ।** सहिद दिवसको अवसर पारेर आइतबार रेडियो कावासोती र नयां नेपाल सहिद स्मृति प्रतिष्ठानले सहिद तथा वेपत्ता परिवारलाई सम्मान गरेको छ । सहिद सप्ताह अन्तर्गत सहिद दिवसको अवसर पारेर जनआन्दोलनका सहिद विष्णु पाण्डेकी धर्मपत्नी भागिरथी पाण्डे, दाजु लक्ष्मीप्रसाद पाण्डे, सहिद रेशम भुसालकी परिवार शिवकुमारी भुसाल, सहिद बाबुराम खनालकी छोरी तथा सहिद गायत्री खनालकी बहिनी सीता खनाल र सहिद यावद भुसालका दाजु प्रेमकुमार भुसाललाई सम्मान गरेको हो । सहिद दिवसको अवसरमा नवलपरासी सहित देशैभर विभिन्न कार्यक्रम गरि सहिद दिवस मनाईएको छ । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का नेता परि थापा, पूर्व सभासद रोशनबहादुर गाहा, पूर्व सभासद् गुणाखर बस्याललगायत विभिन्न राजनीतिक पार्टीका जिल्ला नेताहरुको उपस्थिति रहेको थियो ।

# ‘राष्ट्रिय स्वाधीनताको रक्षाका निम्ति संघर्षको तयारी गरौं !’

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

शासकहरुले भारतीय विस्तारवादसँग एकपछि अर्को राष्ट्रघाती सम्झौता बढाउँदै लगेको पृष्ठभूमिमा नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य‘किरण’ले एक विज्ञप्ती जारी गर्दै भारतीय विस्तारवादको हस्तक्षेपकारी गतिविधि र सकारको राष्ट्रघाती प्रवृत्तिका विरुद्ध सतर्क तथा सचेत रही देशको राष्ट्रिय स्वाधीनताको रक्षाका निम्ति संघर्षको तयारी गर्न आम नेपाली जनता र सबै देशभक्तहरुमा विशेष अपिल गरेका छन् ।



राष्ट्रघाती सम्झौता गर्दै आएको पुष्पकमल दाहाल नेतृत्वको सरकारले पछिल्लो पटक नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय एअर मार्सल राख्ने सम्झौता गरेपछि क्रान्तिकारी माओवादीलगायतका देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्ति आन्दोलित बनेको छ। २५ बुँदे राष्ट्रघाती सम्झौता गरेर नेपाललाई भूटानीकरण गर्न उद्दत दाहाल नेतृत्वको सरकारले नेपालको सुरक्षा र परराष्ट्र नीतिलाई भारतको जिम्मा लगाएको घटनाक्रमले पुष्टि गर्दै लगेको छ। पछिल्लो पटक गरिएको एअर मार्सल सम्झौता पनि त्यसैको निरन्तरताको रुपमा आएको छ।

क्रान्तिकारी माओवादी, विप्लव माओवादी, मसाललगायतका पार्टीहरुले निरन्तर राष्ट्रिय स्वाधीनतको रक्षाका निम्ति संयुक्त संघर्ष गर्दै आएका छन् । पहिलो चरणको संघर्षको कार्यक्रम सकेका यी वाम पार्टीहरुले दोस्रो चरणको संयुक्त संघर्षको तयारी गरिरहेको पृष्ठभूमिका क्रान्तिकारी माओवादीका अध्यक्ष किरणले पछिल्लो पटक भारतसँग गरिएको एअर मार्सल सम्झौताको खारेजीको माग गर्दै जारी गरिएको विज्ञप्तीमा संघर्षका निम्ति अपील गरिएको हो।

अध्यक्ष किरणले निकालेको विज्ञप्तीमा हालै नेपाल र भारतका पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उच्चस्तरीय अधिकारीहरुका बीच वार्ता भई सम्झौता गरिएको एअर मार्शल सम्झौता खारेज गर्न माग गरिएको छ। सम्झौताले नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता तथा राष्ट्रिय आत्मसम्मानमाथि गम्भीर आघात पुऱ्याएको भन्दै सम्झौता तत्काल खारेज गर्न माग गरिएको हो। बिहीबार जारी गरिएको विज्ञप्तीमा “नेपाल नागरिक उड्डयन प्राधिकरणद्वारा नेपालमा आउने भारतीय जेट विमानमा भारतले आफ्नो एअर मार्शल राख्न पाउने नियम बनाइएको, त्यसै आधारमा एअर मार्शल राखिएको र अहिलेको सम्झौतामा पनि त्यो उल्लेख गरिएको लगायतका विषय रहेका छन् । उक्त विषयमाथि ध्यान दिंदा के स्पष्ट देखिन आउँछ भने नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता तथा राष्ट्रिय आत्मसम्मानमाथि गम्भीर आघात पुऱ्याउँदै आएको कुरा त छँदैछ र यस प्रकारका विषयमा नेपाल सरकारको पनि निकृष्ट साँठगाँठ रहिआएको छ। यो गम्भीर प्रकारको राष्ट्रिय गद्दारी तथा राष्ट्रघात हो । तसर्थ, हाम्रो पार्टी उक्त विषयबारे तथ्य सत्य सार्वजनिक गर्न र त्यस प्रकारका राष्ट्रघाती सम्झौताहरुलाई तत्काल खारेज गर्न सरकार सित जोडदार माग गर्दछ।”

... बाँकी ८ पेजमा

## दसगजा मिचेर भारतद्वारा पक्की सडक र नाला निर्माण

**महोत्तरी ।** भारतले महोत्तरीमा पुनः दशगजा क्षेत्र मिचेर भौतिक संरचना निर्माण गरेको छ । भारतले महोत्तरीको मटिहानी गाविससँग जोडिएको भारतीय सहर मधवापुरमा दसजगामै पक्की सडक र नाला निर्माण गरेको हो ।

भारतीय पक्षले दशगजा क्षेत्रमा ७ दशमलव ३१ मिटर दशगजा क्षेत्र मिचेर सडक र नाला निर्माण गरेको हो । सीमाक्षेत्रको दसगजाभन्दा दुवैतिर ३० मिटरसम्म कुनै पनि प्रकारको भौतिक संरचना निर्माण नगर्ने अन्तरर्ष्ट्रिय मान्यता र सम्झौता रहे पनि भारतीय पक्षले मटिहानी र मधवापुरको बिचमा दसगजा मिचेर पक्की संरचना निर्माण गरेको हो ।

भारतीय पक्षले दसगजा मिचेर भौतिक संरचना निर्माण गर्न लागेको सम्बन्धी गत पुस अन्तिम साता नै जानकारी पाएपछि सशस्त्र बेस क्याम्प मटिहानीले सो संरचनाको विरोध गरी काममा अवरोध खडा गर्दै रोक लगाएको थियो ।

तर पुनः भारतले सबै मान्यता र सम्झौतालाई लत्याउँदै तीन साता नबित्दै दसगजामा सडक र नाला ... बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादीको संगठन विस्तार अभियान जारी

### बुटवलमा विशाल मोटरसाइकल ऱ्याली सम्पन्न

◆ **प्रवीण त्वान्जु**

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी) देशैभर संगठन विस्तार अभियानमा तीव्र रुपमा जुटिरहेको छ। अवधबाट प्राप्त समाचार अनुसार राज्यको आयोजनामा शनिबार र आइबार कपिलवस्तुको चनौटादेखि नवलपरासीको गैडाकोटसम्म विशाला मटरसाइकल ऱ्यालीको आयोजना गरिएको छ। मोटरसाइकल ऱ्यालीको क्रान्तिकारी माओवादीका कार्यालय सदस्य तथा पश्चिम कमाण्ड इन्चार्ज एवम् देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिव परि थापाले उद्घाटन गरेका थिए भने समापन पनि थापाले गरेका छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आन्दोलनका लागि देशभक्त, क्रान्तिकारी शक्तिहरु एक ठाउंमा उभिनुपर्ने परिस्थिति आएको भन्दै थापाले राष्ट्रिय स्वाधीनताको रक्षाको निम्ति संघर्षको विकल्प नरहेकोमा जोड दिए ।

आइतबार नवलपरासीको कावासोतीमा भएको कोणसभालाई सम्बोधन गरेका थिए । ऱ्यालीको हिजो कपिलवस्तुको चन्द्रौटामा उद्घाटन गरिएको थियो भने बुटवलबाट ऱ्याली हिडेको थियो । आइतबार बुटवल, भैरहवा, खैरहनी, सुनवल, परासी, भूमही, बर्दघाट, कावासोती र गैडाकोट लगायतका स्थानमा कोण सभा गरी ऱ्याली सम्पन्न गरिएको छ।

**भक्तपुरमा संगठन निर्माण तीव्र**

नेकपा (क्रान्तिकारी माओवादी) भक्तपुर तीन महिने संगठन विस्तार अभियानन्तर्गत संगठन विस्तारमा तीव्र रुपमा लागिपरेको छ। शनिबार मात्र पार्टीको चाँगुनगर समिति, भक्तपुर नगर समिति, नेवाः राष्ट्रिय मुक्ति मोर्चाको भक्तपुर नगर समिति र चाँगु नगर समिति र क्रान्तिकारी पत्रकार महासंघको जिल्ला समिति गठन गरेको छ।

क्रान्तिकारी माओवादी भक्तपुरका संयोजक श्रीकृष्ण सुलुले दिएको जानकारी अनुसार शंखलाल मगजुको संयोजकत्वमा पार्टीको चांगुनारायण नगर संगठन समिति गठन गरिएको छ । उक्त नगर संगठन समितिका सदस्यहरुमा रविन्द्र गिरी, रामभक्त हयौगोजु, राजकुमार मगजु, भरत भण्डारी, वासुदेव सापकोटा, नविन गिरी, राजेन्द्र मगजु, उमेश मगजु, रचना नेपाली, सुवास खड्का, रामशरण लामिछाने खत्री, मिलन लामा, गोविन्द याङ्घो, गणेशमान सुलु लगायत रहेका छन् ।

जिल्ला पार्टीका संयोजक श्रीकृष्ण सुलुको प्रमुख आतिथ्यतामा भएको भेलाले १५ सदस्यीय उक्त समिति गठन गरेको हो । त्यसैगरी, विष्णुप्रसाद न्हिसुतुको संयोजकत्वमा पार्टीको भक्तपुर नगर संगठन समिति गठन गरेको छ। भेलाले रामहरि गणेजुलाई उक्त समितिको सहसंयोजकमा चयन गरेको छ भने सदस्यहरुमा हिरण्यप्रताप ... बाँकी ६ पेजमा

## नेपाली समाजको वर्गचरित्रबारे बहस

### समाजवादी क्रान्ति भन्नेहरुलाई अध्यक्ष किरणको प्रश्न

**काठमाडौं ।** शुक्रबार इच्छुक प्रतिष्ठानले आयोजना गरेको ‘नेपाली समाजको वर्तमान वर्गचरित्र’ विषयक बहस कार्यक्रमलाई सम्बोधन गर्दै नेपालमा जनवादी क्रान्ति भइसक्यो अब समाजवादी क्रान्ति गर्नुपर्छ भन्नेहरुले कसका विरुद्ध क्रान्ति गर्ने हो भन्दै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य‘किरण’ले समाजवादी क्रान्ति गर्ने भन्नेहरुले वैदेशिक प्रतिक्रियावादका विरुद्ध लड्नु पर्दैन भनेर प्रश्न गरे ।

नेपाली वाम आन्दोलनमा जनवादी क्रान्ति भइसकेको र हुन बाँकी रहेको ठान्ने दुई धार रहेको चर्चा गर्दै अध्यक्ष किरणले नेपाली समाजको वर्ग चरित्रलाई हेर्ने पनि चस्मा फरक फरक रहेको चर्चा गरे । उनले नेपाली समाजलाई वास्तविक रुपमा बुझ्न सही तथ्यांक र सहि विश्वदृष्टिकोणको खाँचो पर्ने पनि औल्याए । नेपाली समाजमा अझै सामन्तवादी अवशेष बाँकी रहेको चर्चा गर्दै अध्यक्ष किरणले जनवादी क्रान्तिको दुई कार्यभार सामन्तवाद र साम्राज्यवादका विरुद्धको लडाइँ भएकोले अहिले वैदेशिक प्रतिक्रियावादका विरुद्धको लडाइँ प्रधान बनेको स्पष्ट पारे र भने, “नेपाली समाज अहिले पनि अर्धसामन्ती तथा अर्ध/नव औपनिवेशिक अवस्थामा रहेको छ। नवऔपनिवेशिकताका विरुद्ध नलडी जनवादी क्रान्ति पूरा भएको मान्न सकिन्न ।”

नेपालमा आफ्नै मौलिकतामा जनवादी क्रान्ति पूरा भएको दावी गर्ने नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले)तर्फ संकेत गर्दै अध्यक्ष किरणले एकाथरीले नेपाली समाज अर्धसामन्ती, अर्ध तथा नव औपनिवेशिक अवस्थामा रहेको भन्ने कुरा सुन्नै चाहँदैनन् भने, “समाजवादी क्रान्ति गर्नेहरु कसका विरुद्ध लड्ने हो त ? दलाल पुँजीवाद र वैदेशिक प्रतिक्रियावादका विरुद्ध लड्नु पर्दैन ? वर्गसंघर्षसहितको समाजवाद हो कि होइन ?”

नेपाली समाजको राजनीतिक र आर्थिक रुपले पनि वर्ग विश्लेषण गर्न जरुरी रहेको चर्चा गर्दै अध्यक्ष किरणले जनवादी क्रान्ति पूरा भएको हुन्थ्यो भने नेपालमा सर्वहारावर्गको नेतृत्वमा सम्पूर्ण उत्पीडित वर्ग र समुदायहरुको संयुक्त ... बाँकी ८ पेजमा

## एअर मार्शल सम्झौता र राष्ट्रिय स्वाधीनताको प्रश्न

नेपाली शासकहरु भारतीय विस्तारवादी शासकहरुको अगाडि आत्मसपर्पण गर्दै आइरहेका छन् । आफ्नो सत्ता टिकाउन शासकहरुले भारतीय विस्तारवादको दलाल, चाकडी गर्ने, उसको अगाडि आत्मसमर्पण गर्ने र राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्नलाई तिलाञ्जली दिने काम हुँदै आएको छ । २००७ सालभन्दा अगाडि राणाहरुले आफ्नो जहाँनियाँ शासन जोगाउन पहिले ब्रिटिश साम्राज्यवादी सरकारसँग र पछि भारतीय विस्तारवादी सरकारसँग आत्मसमर्पण गरे । पञ्चायत कालमा राजाहरुले त्यसप्रकारको कार्य गरे । २०४६ सालपछि सरकारको नेतृत्व गर्ने सबै राजनैतिक दलहरुले नेपालको राष्ट्रहित विपरीत भारतीय विस्तारवादी प्रतिक्रियावादी सरकारसँग त्यसप्रकारको राष्ट्रहित विपरीत सन्धि सम्झौता गर्दै आइरहेका छन् । पछिल्लो कडिको रुपमा नेकपा (माओवादी केन्द्र)को नेतृत्वमा बनेको सरकारले नेपालको अन्तर्राष्ट्रिय हवाई अड्डा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय हवाई सुरक्षा बल (एयर मार्शल) बस्न पाउने सम्झौता गरेर अर्को राष्ट्रघात गरेको छ।



रामसिंह श्रीस

भारतले २०६५ मा हिसिला यमि पर्यटन मन्त्री हुँदा नै नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय हवाई सुरक्षा बल (एयर मार्शल) राख्न पाउने प्रस्ताव गरेको थियो । जनस्तरबाट व्यापक विरोध आएपछि त्यतिबेला त्यो काम हुन सकेको थिएन। भारतीय विस्तारवादी सरकारको त्यो प्रस्तावलाई प्रचण्ड सरकारले अहिले स्वीकृति दिएको छ । यसप्रकारको सम्झौताको तयारी केपी ओली प्रधानमन्त्री हुँदा नै भएको थियो । त्यसलाई पारित गर्न मात्र बाँकी थियो भन्ने कुरा सञ्चार माध्यमहरुले बाहिर ल्याएका छन् । यसबाट अहिले राष्ट्रवादको स्वरमा कुरा गर्ने एमालेको राष्ट्रियता कति खोक्रो र बनावटी छ भन्ने कुरा प्रष्ट हुन्छ ।

नेपाल र भारतका पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उच्चस्तरीय अधिकारीहरुबीच वार्ता भएर नेपालको अन्तर्राष्ट्रिय हवाई अड्डा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय हवाई सुरक्षा बल (एयर मार्शल) बस्ने सम्झौता भएको छ । यो सम्झौता नेपालको सावैभौमिकता, राष्ट्रिय स्वाधीनता तथा आत्मसम्मानमाथि गम्भीर आघात हो । यसप्रकारको सम्झौता माओवादी केन्द्र एक्लैले गऱ्यो भन्न सकिने अवस्था छैन । नेका त सरकारमै सहभागी भएको पार्टी हो । त्यसकारण यो सम्झौतामा उसको सहमति नै छ। राष्ट्रियताको ठूलो स्वरमा कुरा उठाइरहेको र आन्दोलन गरिरहेको एमाले पनि यो राष्ट्रहित विपरीत सम्झौताको विरुद्धमा कुनै संघर्ष गरेको छैन । यसबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय हवाई सुरक्षा बल बस्ने जुन सम्झौता भयो, त्यसमा एमालेको पनि सहमती छ भन्ने कुरा प्रष्ट हुन्छ।

भारतीय विस्तारवादी सत्ताले नेपालको सरकार जतिबेला कमजोर हुन्छ, त्यतिबेला नै आफ्नो विस्तारवादी नीति लाद्ने प्रयत्न गर्दछ। प्रचण्ड सरकार अहिले निकै कमजोर अवस्थामा छ । संसदमा उसको बहुमत छैन, कांग्रसको समर्थनबिना उसको सरकार रहनै सक्दैन । जनआधार पनि अहिले उसको निकै कमजोर भएको छ । माओवादी केन्द्रका नेताहरु विभिन्न ठाउँमा जनताबाट लखेटिएका छन् । भारतको समर्थनबिना उसको सरकार एकदिन पनि टिक्ने अवस्था छैन। यसरी कमजोर अवस्थामा रहेको प्रचण्ड सरकारको अगाडि भारतले थाती रहेको त्रिभुवन विमानस्थलमा एयर मार्शल राख्ने प्रस्ताव पुनः अगाडि बढायो। अब प्रचण्डको अगाडि दुइओटा विकल्प रहे। एउटा सबै चुनौतिहरुको सामना गर्दै राष्ट्रहितको पक्षमा उभिने अर्को आफ्नो सरकार जोगाउन भारतीय विस्तावादको अगाडि आत्मसमर्पण गर्ने । प्रचण्डले दोस्रो विकल्प रोजे । भएको यही हो। प्रचण्डजी भारतीय विस्तारवादको अगाडि यति गल्नुभएको छ कि सबै असमान सन्धि सम्झौताहरु खारेज गरिनुपर्दछ भनेर आफैले आवाज उठाउँदै आएकोमा जब प्रधानमन्त्री भएर भारत भ्रमण जानुभयो तब उहाँले पहिले गरेका सबै सन्धी सम्झौताहरु कार्यान्वयन गर्ने भनेर सम्झौता भयो। कहाँको खारेजी कहाँको कार्यान्वयन ?

... बाँकी ७ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# सालिक र मौनधारणमा सीमित सहिदका सपना

हरेक वर्ष झैं यो वर्ष पनि यहाँको सरकार, विभिन्न निकाय र व्यक्तिहरुले माघ १० देखि १६ सम्म सहिदहरुलाई विभिन्न औपचारिक कार्यक्रमहरु गरेर सम्झिएको स्वाङ गरियो । सालिक, स्मारकहरुमा फूलमाला चढाइए, धुप, अगरबत्तीहरु बालिए, १ मिनेट मौनधारणहरु गरिए । तर सहिदहरुले नेपालको राज्यव्यवस्थाका चरित्र र जनताको जीवनस्तरमा ल्याउन खोजेको परिवर्तनको विषयमा कुनै विमर्श गरिएन । त्यसतर्फ कदम चाल्ने कुरा त निकै परको विषय भयो । यसो गर्ने फुर्सद राज्यका कुनै निकायलाई भएन । राजनीतिक पार्टीहरुले पनि आवश्यक ठानेनन् ।

आमूल परिवर्तनका लागि अमूल्य जीवन बलिदान गर्ने सहिदहरुले कहिल्यै सोचेका थिएनन् होला कि आफ्नो शालिक बनाएर शासकहरुले यसरी वर्षदिनमा एक हप्ता आफ्नो पूजा गर्छन् र आफ्ना सपनाहरुलाई सालिक र मौनधारणमा सीमित गर्छन् भनेर । सहिद दिवसलाई पाखण्डपूर्व कर्मकाण्डी बनाइएको छ । जुन सहिदको बलिदान र उनीहरुले देखेको सपनामाथिको घोर अपमान हो ।

राणाविरोधी आन्दोलनका सहिदहरुले नेपाली जनतालाई सबैभन्दा शक्तिशाली भएको बनाउन र देख्न चाहेका थिए । स्वतन्त्रता, समानता र न्यायमूलक समाजको सपना देखेका थिए उनीहरुले । आज करिब आठ दशकसम्म पनि ती मुद्दाहरुले साकार रुप पाउन सकेको छैन । जनता अहिले पनि राज्यको शोषण, दमन, विभेद र उत्पीडनमा छन् । यसबाट मुक्तिका निम्ति निरन्तर आन्दोलित हुँदै आएका छन् । सहिद लखन थापादेखि सुरु भएको मुक्तिका निम्ति आन्दोलन र बलिदानको यात्रा रोकिएको छैन । लखन थापाको पदचाप राणाविरोधी आन्दोलनका चारसहिदले मात्र होइन, आज पर्यन्त हजारौंले यस अभियानमा बलिदान गरेका छन् । तर व्यवस्थामा आमूल परिवर्तन आउन सकेको छैन । श्रमजीवि शोषित उत्पीडित जनता यो देशको मालिक बन्न सकेका छैनन् । यसर्थमा, सहिदका सपनाहरु अहिले पनि अधुरै र अपुरै छन् ।

राणाविरोधी आन्दोलनदेखि राजतन्त्रविरोधी आन्दोलनमा हजारौं नेपाली आमाका सपुतहरुले जीवनको बलिदान गरेका छन् । देश र जनतालाई केन्द्रविन्दमा राखेर सबै आन्दोलनमा जीवन बलिदान गर्नेहरु सहिद हुन् । तर सहिदहरुप्रतिको बुझाई सबैका फरक फरक छन् । नेपाली समाजको आमूल परिवर्तनको आन्दोलनमा सबै आन्दोलनहरुले धेरथोर योगदान पुर्‍याएका छन् ।

लखन थापाले विसं १९२७ मा जंगबहादुरविरुद्ध विद्रोह गरे र त्यसैको आरोपमा थापालाई पक्रेर जंगवहादुर राणाले मनकामना मन्दिर अगाडि विसं १९३३ फागुन २ गते झुण्ड्याएर मारे । त्यसैले लखन थापा नेपालको प्रथम सहिद मानिन्छन् । त्यसपछि नेपालमा १९९७ सालमा फेरि राणा विरुद्ध संगठीत् विद्रोह भयो । राणा शासनको उत्तरार्दधमा शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्द मारिए । तर लखन थापालाई २००७ सालपछि शहिद भनिएन । २०५६ सालमा मात्र थापा सहिद घोषित भए । राणाविरोधी आन्दोलनमा जस्तै राजतन्त्रविरोधी आन्दोलनमा जीवन बलिदान गर्ने सपुतहरुलाई केही मान्छेहरु सहिद मान्न तयार छैनन् । तत्कालीन माओवादी जनयुद्ध राजतन्त्रविरोधी संघर्षको उत्कर्ष थियो । यो संघर्षमा दश हजारभन्दा बढिले ज्यान गुमाउन पुगे । उनीहरु पनि लखन थापाले देखाएको बाटोमा नै हिंडेका सहिदहरु हुन् । यसर्थ उनीहरुलाई पनि राज्यले सहिदको दर्जा दिएर सम्मान त गर्नैपर्दछ र राज्यलाई पनि उनीहरुले देखेको सपनाको मार्गमा हिंडाउन पहल गर्नैपर्दछ । सहिदका सपनाहरुलाई सालिक र मौनधारणमा सीमित गर्ने होइन, समाज रुपान्तरणको मार्गदर्शक बनाउन सक्नु पर्दछ । कम्तिमा नेपालमा आमूल परिवर्तनका पक्षधर क्रान्तिकारी शक्तिहरुले सहिदका सपनाहरुमाथि न्याय गर्ने कोशिस गरिरहेका छन्- नयाँ जनवादी क्रान्तिको कार्यदिशामा अगाडि बढेर ।


**परिवर्तनको सम्वाहक**

मूलबाटो

**सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।**

www.moolbato.com


# जीवनको उद्देश्यबारे दर्शनको सवाल

मानिसले जीवनमा कस्तो उद्देश्य लिनुपर्छ ? संसारमा जन्म लिएर मानिसले गर्नुपर्ने काम के हो ? उसले आफूले पाएको जीवनलाई कसरी बिताउनुपर्छ ? उसको जीवनको सार्थकता केमा रहेको हुन्छ ? यी यस्ता प्रश्नहरू हुन्, जसमा प्रत्येक मानिसले सोच्नैपर्छ र सबैले आ-आफ्नो ढङ्गले सोच्ने पनि गर्छन् । यो मानिस मात्रको लागि एउटा निकै चासोको विषय हो । साँचो भन्ने हो भने, जीवनमा मानिसले कुन बाटो लिनुपर्छ भन्ने सवाल जीवनको सबभन्दा आधारभूत सवाल हो ।

प्रत्येक मानिसले जीवनमा आफ्नो बाटो चुन्न सक्छ र चुन्ने उसको आफ्नो अधिकारको कुरा हो । उसको सामु यसरी चुन्न सकिने मुख्य रूपमा दुइटा बाटाहरू छन् । एउटा बाटो हो – संकीर्ण स्वार्थको सानो घेराभित्र आफूलाई सीमित पार्नु र त्यसको बन्दी बनेर जीवन बिताउनु । यस खालको जीवनमा मानिस आफैमा केन्द्रित रहेर आफ्नो साँगुरो, वैयक्तिक स्वार्थपूर्तिमा व्यस्त रहन्छ, त्यस्तो स्वार्थको अँध्यारो गल्लीभित्र रुमलिरहन्छ र स्वार्थ-पूर्तिको लागि जस्तोसुकै काम पनि गर्दछ । सायद मर्ने बेलामा त्यस्तो जीवन बिताउने मानिसले पश्चातापको सुस्केरा हाल्दै भन्दो होला : मेरो जीवन बेफ्वाँकमा सिद्धियो, मैले जीवनमा कुनै असल काम गरिनँ । अर्को बाटो हो – फराकिलो राजमार्ग । यस राजमार्गमा हिड्ने मानिसको लागि व्यापक जनसाधारणको सेवा नै मुख्य लक्ष्य रहन्छ । यो शोषण, उत्पीडन र अन्यायबाट जनताको मुक्तिको लागि सङ्घर्षको राजमार्ग हो । यस मार्गमा हिंड्नुको अर्थ उपरोक्त पवित्र सङ्घर्षमा आफूलाई हिस्सेदार बनाउनु, सो सङ्घर्षको पक्षमा कुनै न कुनै रूपमा योगदान गर्नु र त्यसको सफलताको लागि आफ्नो सामर्थ्य र बुद्धिलाई लगाउनु हो ।

**अलि विस्तृत रूपमा हामी यसबारे विचार गरौं ।**

हामी आफ्नो वरिपरि, चारैतिर गरिबीमा बाँचिरहेका र भयानक दुखकष्ट भोगिरहेका अनगिन्ती मानिसहरू देखिरहेका छौं – यी त्यस्ता मानिस हुन, जो आफ्नो जीविका कमाउनका लागि पसीना बगाएर रातोदिन मेहनत गर्छन्, तर मानवोचित जीवन पाउँदैनन्, वा जो इमानदारीपूर्ण श्रम गर्न चाहेर पनि काम पाउन सक्दैनन् । हाम्रो मुलुकमा पनि छाक टार्न नसकी हैरानी भोगिरहेका र गरिबी र अभावको पञ्जामा परी छटपटाइरहेका मानिसहरू बहुसङ्ख्यामा छन् । भोकले छटपटाइरहेका नीला-फुङ्ग्रा अनुहार भएका, जवानीको अनुभव नगर्दै बूढो बनेका, हाड-छाला मात्रले शरीर बनेका, कठोर परिश्रम गर्दा पनि पेटभरि खान नपाएर सिकुटी भएका र रोगी बनेका अनगिन्ती नरनारी र बालबालिकाहरू – यो कत्रो भयानक दृश्य हो । यो जीवनको दुखान्त नाटक हो – यस्तो नाटक, जसको शुरुदेखि अन्तसम्म दुखै-दुखले भरेको गाथा रहेको छ । यसमा अधिकाँश तिनै मानिसहरू हुन्, जसले आफ्नो पसीना-रगत एक गरेर समाजको धनदौलत, सुख-सुविस्ताहरू सिर्जन्छन्, तर उनीहरूले सो भोग्न पाउँदैनन्, र आफूले सिर्जेको धनदौलत उनीहरूकै लागि बन्धन र दुखको कारण बन्छ । अर्कोतिर मुठ्ठीभर यस्ता मानिसहरू छन्, जो ठूल-ठूला महलहरूमा ऐश-आरामको विनाउत्पादक परिश्रमको र आलस्यपूर्ण वैभवको जीवन बिताउँछन् । कस्तो लाग्छ भने उक्त जीवनले परिश्रमी जीवनको उपहास गरिरहेको छ ।

यसरी, एकातिर भयानक गरिबी तथा अभाव र अर्कोतिर धनदौलतको प्रचुरता – यो हाम्रो समाजले, प्रत्येक शोषण-आधारित सामाजिक व्यवस्थाले पैदा गरेको परिणाम हो । मानिसको हिसाबबाट हेर्ने हो भने, यो विभाजन यस रूपमा हुन आउँछ - एकातिर सम्पन्नशाली, शोषक, लुटेरा, थैलीशाहहरूको संसार र अर्कोतिर पसीना बगाउने तर पेटभरि खान नपाउने, भोका-नांगा, विपन्न, रोगग्रस्तहरूको संसार । उक्त दुई संसारको बीचमा एउटा ठूलो खाल्टो छ – यस्तो खाल्टो, जुन शोषण-आधारित समाज अन्तर्गत झनभन फराकिलो र गहिरो हुँदैछ । घोर गरिबीको सागरमा छिटपुट धनदौलतको प्रचुरताका टापुहरू रहनु – के यो नमिल्दो व्यवस्था होइन र ? यो नै सबभन्दा प्रमुख तत्व हो, जसले हाम्रो सम्पूर्ण समाजलाई, सम्पूर्ण सामाजिक जीवनलाई दुर्गन्धी र विषाक्त बनाइरहेको छ । गरिबीले कैयौं मानिसहरूलाई प्राकृतिक मानव-स्वभावको विरुद्ध नचाँहदा-नचाँहदै पनि विभिन्न खालका दुष्कर्म, पाप-कर्म र अपराध गर्न बाध्य पारिरहेको छ । सामान्यत: मानिसहरू इमान्दार काम गरेर, हात र दिमाग घोटेर मानवोचित जीवन जिउन चाहन्छन्, तर श्रमजीवीहरूको निम्ति काम गरेर पनि मानिस जस्तो भएर जिउन मुश्किल भएको हुन्छ, र कैयौंले त जिउनका लागि हात र दिमाग घोट्ने अवसरसम्म पनि पाउँदैनन् । आज धेरै मुलुकहरूमा संङ्ख्यामा अधिकाधिक बढिरहेका बेरोजगारहरू उक्त अवसर नपाएकाहरू हुन् । त्यस स्थितिमा जिउनका लागि, आफू र आफ्नो परिवारको जीविकाको लागि ती भोका र अर्ध-भोकाहरूको सामु एउटा मात्र विकल्प रहन्छ – त्यो हो कुनै नाजायज काम गर्नु, कुनै अपराधी काम गर्नु । यो बाध्यता हो, जसले उनीहरूलाई चोरी गर्न, बगली मार्न, ठग्न, डकैती गर्न वा आफू जस्तै मानिसको हत्या गर्न लगाउँछ, जसले महिलाहरूलाई आफ्नो देह-व्यापार गरेर जिउनु पर्ने बनाउँछ र जसले मानिसलाई अमानवीय ढङ्गले पशुवत् व्यवहार गर्न लगाउँछ । यो आर्थिक बाध्यताको परिणाम हो । भोकले व्याकुल रहेका र भोक-भोकै मर्ने स्थितिमा परेका मानिसहरूको निम्ति नैतिक मूल्यहरूको कुराले केही असर पार्न सक्दैन ।

गरिबीको पक्षमा उपरोक्त कुरा छ भने धनदौलतको प्रचुरताको पक्षमा पनि कुनै राम्रो कुरा पाइँदैन । समाजको धनधान्यपूर्ण अङ्गमा मानवीयता भन्ने चीज एकदमै दुलर्भ छ । धनको प्रचुरताले व्यक्तिलाई अल्छीको पिण्ड बनाउँछ, उसमा धनको लोभलाई झन बढाउँछ, उसलाई पाखण्डी, कपटी र अमानवीय बनाइदिन्छ । धनले उसलाई मानवीय जीवन बिताउनका लागि पूरै अयोग्य पारिदिन्छ, उसलाई बिलकूल परजीवी बनाउँछ – समग्र रूपमा परजीवी । परजीवीवाद उसको मुख्य सिद्धान्त रहन्छ र त्यसद्वारा उसको सम्पूर्ण जीवन, सम्पूर्ण गतिविधि संचालित रहन्छ । धनको चहकमहकमा उसले आफ्नो चेतन-शक्ति र दिव्य-शक्ति गुमाउँछ । धन उसको लागि होइन, बरु ऊ धनको लागि बाँचेको हुन्छ । कहाँसम्म भने धन मात्र आउने भए ऊ जे पनि गर्न तत्पर रहन्छ, मुलुकको हित र जनताको हितलाई तिलाञ्जली दिन पनि किञ्चित मान्दैन । आलस्यपूर्ण जीवनले उसको दिमागलाई पाप, अपराध र षड्यन्त्र सिर्जना गर्ने यन्त्रमा परिणत गरिदिन्छ । उसमा "अल्छीको दिमाग पिशाचको ज्यासल हो" ९ळ्ल ष्मभि दचबक्त ष्क तजभ मभखर्षुक धयचपकजयउ० भन्ने उखान चरितार्थ हुन्छ । ठूल-ठूला सामन्त, धन-कुवेर, थैलीशाह आदिको जीवनलाई नजिकबाट हेर्नोस् त, त्यहाँ तपाईले साँच्चैको जीवनजस्तो, मानिसको जीवनजस्तो कुनै चीज पाउनु हुनेछैन । त्यहाँ तपाईले कुनै स्वस्थकर, जीवनदायी तथा उपयोगी चीज भेट्टाउनु हुनेछैन, बरु पाखण्डीपन, षड्यन्त्र, दुराचारिता, भ्रष्टता, राक्षसी नैतिकता, पाशविकता, आदि मात्र पाउनु हुनेछ ।



कृष्णदास श्रेष्ठ

> *श्रमजीवी जनताको मुक्ति एउटा उच्च तथा उदात्त लक्ष हो । यस लक्षप्रति समर्पित भएर बिताइने जीवन वास्तवमा सार्थक जीवन हो । श्रमजीवी मानवजातिको सेवाको उच्च तथा पवित्र आदर्शबाट अभिप्रेरित भएर जसले सङ्घर्षको बाटोमा आफूलाई लगाउँछ, उसलाई जस्तोसुकै अप्ठ्यारा, बाधा र प्रलोभनले पनि विचलित पार्न सक्नेछैन । त्यस्तो आदर्शमय जीवन बिताउँदा मानिसले कत्रो सुख र आनन्दको अनुभव गर्दछ भन्ने कुरालाई अनुमान मात्र गर्न सकिन्छ ।*

यसरी प्रत्येक मुलुकमा, जहाँ मासिनद्वारा मानिसको शोषणमा, एक वर्गद्वारा अर्को वर्गको शोषणमा आधारित सामाजिक व्यवस्था छ – त्यस्तो प्रत्येक मुलुकमा एकातिर सम्पन्नता र अर्कोतिर विपन्नता विद्यमान छन् र ती दुईमाझको पर्खाल झनझन अग्लिदैछ । उपरोक्त खालको सामाजिक परिपाटी कुनै व्यक्ति वा व्यक्ति-समूहको सिर्जना होइन, बरु मानव समाजको खास स्तर र अवस्थाको एउटा स्वभाविक परिणाम हो । तसर्थ, उक्त पर्खाललाई भत्काएर र उक्त परिपाटीलाई नष्ट गरेर समानताको संसार सिर्जना गर्ने सवाल नैतिकता उठाउने, वा शिक्षाको प्रचार गर्ने वा सानातिना सुधार गर्ने, वा व्यक्तिहरूलाई खतम पार्ने सवाल होइन । यस्ता अनेकौं प्रयत्नहरू भइसकेका छन्, तर ती सब पर्खाल भत्काउने कुराको सम्बन्धमा निरर्थक साबित भएका छन् । वास्तवमा यो सवाल शोषणमा आधारित सामाजिक-आर्थिक व्यवस्थालाई मास्ने सवाल हो ।

यो कुनै सजिलो कार्य होइन । यसतर्फ एकला व्यक्तिहरूको प्रयत्न, जतिसुकै महत्वपूर्ण भए पनि, हात्तीको मुखमा जीराजस्तो मात्र रहन्छ । करोडौं-करोड शोषित-पीडित जनताको सङ्गठित र एकताबद्ध सङ्घर्षले मात्र उक्त कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न सक्दछ । लामो समयदेखिन् श्रमजीवी मानवजातिले शोषण र थिचोमिचोबाट मुक्तिका लागि सङ्घर्ष गरिआएका छन् र त्यस सङ्घर्षमा उनीहरूले ठूल-ठूला त्याग र बलिदान गरिसकेका छन् । यस विश्वव्यापी सङ्घर्षमा कैयन् स्थानहरूमा ठूल-ठूला ऐतिहासिक विजयहरू हासिल गरिएका छन् । उक्त सङ्घर्ष अनेकौं घुम्ती र मोडहरू पार गर्दै र सामयिक पछि-हटाइहरू भोग्दै रोकनैनसकिने प्रवाहको रूपमा अघि बढिरहेको छ ।

मुक्तिको लागि श्रमजीवी जनगणको उक्त सङ्घर्ष जारी छ, र त्यो सबभन्दा महान, पवित्र र गौरवशाली सङ्घर्ष हो । उक्त सङ्घर्षमा सहभागी बन्नु, त्यसलाई सकभर बढी सहयोग पुर्‍याउनु, र त्यसको सफलताको निम्ति सङ्घर्षरत रहनु सबै न्यायप्रेमी तथा प्रगतिप्रेमीहरूको उच्च कर्तव्य रहेको छ ।

तर यस महान सङ्घर्षको राजमार्गमा डटेर हिंड्नु अवश्य पनि सजिलो छैन । यसमा लाग्दा अनेकौं अप्ठ्यारा र बाधाहरू स्वाभाविक रूपले आइपर्छन् र त्यसको मुकाबिला गर्नैपर्छ । कतिपय मानिसहरू अप्ठ्यारो देखेर भाग्ने पनि गर्छन् । खाँचो भन्ने हो भने, अप्ठ्यारो भनेको आगो जस्तो हो; तपाई काठ बन्नुभयो भने त्यसले जलाइदिन्छ, फलाम बन्नुभयो भने चाहिँ त्यसले तपाईलाई झन दह्रो बनाइदिन्छ । तर, त्यस्ता अप्ठ्याराहरू बाहेक अन्य केही कुराहरू छन्, जसले मानिसलाई उक्त राजमार्गबाट विचलित पारेर अर्कै बाटोमा लगाइदिन्छ । हाम्रो जस्तो समाजमा यस्ता धेरै शक्तिहरू छन्, जसले मानिसहरूलाई साँगुरो, अँध्यारो गल्लीतर्फ घिसारेर लैजान र पिंजरामा नै कैद गर्न खोज्छन् । त्यस्ता शक्तिहरूमा मुख्य हुन् – लोभ-लालच, आफ्नै मात्र सुखको चाहना, व्यक्तिगत स्वार्थको विषाक्त वातावरण, रुढीवादी परम्परा, सामाजिक कुसंस्कार, आदि । माथि-उल्लेखित अप्ठ्याराहरूभन्दा धेरै गुना तागतशील उक्त शक्तिहरू छन् । जति धेरै धन कमाउन सक्यो त्यति बढी सफल जीवन हुन्छ भन्ने धारणा आम रूपमा प्रचलित छ, र त्यसले मानिसलाई सजिलैसित आफ्नो प्रभावमुनि पार्दछ । खासगरी पुँजीवादी वा निम्न-पुँजीवादी वातावरण र संस्कारमा हुर्केका मानिसहरूलाई त्यसले सजिलैसित प्रभावित गर्छ । अरुहरूको दुखप्रति आँखा चिम्लेर आफूले सुखभोग गर भन्ने मानवता-विरोधी विचार व्यापक रूपमा फैलिएको छ, र सो विचार अनुसार चल्ने मानिसहरूको सङ्ख्या कम छैन । यस्ता मानिसहरूलाई औंल्याउँदै मार्क्सले भन्नुभएको थियो :

"तथाकथित व्याहवहारिक मान्छेहरू र तिनीहरूको बुद्धि देखेर मलाई हाँसो उठ्छ । अवश्य पनि, सुँगुर बन्न चाहेमा नै मानिसले मानवजातिको दु:खकष्टबाट मुन्टो फर्काएर आफ्नै स्वार्थको मात्र चासो लिन सक्छ ।"

फेरि, यस राजमार्गमा लामो समयसम्म, जीवनको आखिरीसम्म लाग्नु पनि त्यति सजिलो काम होइन । मुक्तिको लागि मानवजातिको सङ्घर्षमा पहिले सहभागी बनेका कैयौं मानिसहरू बीचैमा त्यसबाट पन्छिएर आफ्नो स्वार्थको सांगुरो घेरामा सीमित हुन पुगेको हामीले देखेका छौं र अहिले पनि देखिरहेका छौं । उक्त सङ्घर्षमा सहभागी बन्ने इच्छाले आएका बुद्धिजीवीहरूमा कैयौंजना बीचैमा गायब हुन्छन् । त्यस्ता हजारौं दृष्टान्तहरू हाम्रो सामु छन् । यस्ता अनेकौं दृष्टान्तहरू छन्, जसमा कोही मानिसहरू, लेनिनले बताउनु भए झैं, बीसदेखि उन्नतीस वर्षको उमेरसम्म क्रान्तिकारी, तीसदेखि उन्चालिसको उमेरमा उदारवादी र चालिसदेखि सरकारी कर्मचारी बन्छन् । यस्ताहरू पनि धेरै तत्वहरू छन्, जो सुखमा श्रमजीवी जनताको मित्र बनेर सङ्घर्षमा आउँछन्, तर दुखमा जनतालाई छाडेर पाखा लाग्छन् ।

यस सम्बन्धमा, खास गरेर पुँजीवादी बुद्धिजीवीहरूमा व्यापक रूपमा एउटा खराबी रहेको हामी पाउँछौं, र त्यो हो पाखण्डीपन वा लोकाचार (hypocrisy) । यो खराबी मरणोन्मुख प्रतिक्रियावादी वर्गहरूमा मात्र होइन (वास्तवमा प्रतिक्रियावादीहरू सामान्यत: पाखण्डी नै हुन्छन्), कतिपय तथाकथित प्रगतिशील कार्यकर्ताहरूमा पनि फैलिएको छ । बाहिर लोकाचार, भित्र पोको पार भन्ने नीति उनीहरूको मूल मंत्र बनेको हुन्छ । व्यावहारिक क्षेत्रमा हामी यस्ता धेरै नामधारी क्रान्तिकारी देख्छौं, जो मुखले जन-मुक्ति, जन-क्रान्ति आदिबारे लम्बेचौडा कुरा गर्छन् र खुब आदर्श छाँट्छन्, तर कामले आफ्नै स्वार्थ वा आंकाक्षा सिद्ध गर्नमा लागेका हुन्छन् । वास्तवमा हाम्रो प्रगतिशील जनान्दोलनको फाँटमा यस्ता बकुलाभगतहरूको कमी छैन, जो मुलुक र जनताप्रति प्रेमको ठूल-ठूला कुरा गर्छन्, तर व्यवहारमा आफ्नै सुखसुविस्ताका लागि, समाजमा आफ्नो निम्ति सम्मानपूर्ण ठाउँ

... बाँकी ७ पेजमा



# दर्तावाल पार्टीले विश्वमा कहींपनि क्रान्ति गरेको पाईंदैन

**मोहन वैद्य'किरण'**, अध्यक्ष, नेकपा (क्रान्तिकारी माओवादी)

***पार्टीको सिंगो पंक्ति अहिले ३ महिने संगठन सदृढिकरण अभियानमा जुटेको छ । यसको महत्व र आवश्यकताबारे प्रकाश पारिदिनुहोस् न ।***

पार्टी संगठन र जवस/मोर्चाका संगठनहरुलाई विस्तार गर्नुपर्ने र सुदृढ गर्नुपर्ने आवश्यकतालाई मध्येनजर गर्दै तीन महिने 'संगठन विस्तार, सुदृढीकरण तथा जनपरिचालन अभियान संचालन' गरिएको हो । मुलुकका सामु राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरु अत्यन्तै जटिल बनेर गएका छन् । यी मुद्दाहरुमा जनपरिचालनको आवश्यकता टड्कारो बनेको छ । हामीले यी मुद्दाहरुलाई लिएर जनतामा जान आवश्यक ठान्यौं र अहिले अभियानमार्फत् संगठन विस्तारसँगै जनपरिचालनलाई पनि जोडेर लैजाने सोचेका छौं । जनसम्बन्ध सुदृढ गर्ने र जनपरिचालनमार्फत् जनआन्दोलन उठाउन गर्ने सवालमा यो अभियानको विशेष महत्व रहेको छ ।

***अभियान कसरी चलिरहेको पाउनु भएको छ ? के यो अभियानबाट क्रान्तिकारी माओवादीले वैकल्पिक राजनीतिक पार्टीको हैसियत प्रदर्शन गर्न सक्छ ?***

वैकल्पिक शक्ति त हामी हुँदै हो । किनभने, अहिले हामीभन्दा यो सत्ता र व्यवस्थाका विरुद्ध अर्को शक्ति छँदै छैन । अर्को, सांगठनिक आधारमा पनि हामी बलियो बनेर अघि जाने सोचिरहेका छौं । त्यसको लागि अभियान सुरु भइसकेको छ । माघ ५ गते देशभरिका अधिकांश जिल्लामा अभियानको उद्घाटन भइसकेको छ । बाँकी रहेका जिल्लाहरुमा पनि क्रमशः अभियान चलिरहेको छ । अभियानलाई उद्देश्य अनुरुप प्रभावकारी बनाउन हामी नेतृत्व पंक्तिबीचमा निरन्तर छलफल गरिरहेका छौं । जिल्लाको सापेक्षतामा अभियान फरक फरक कार्यक्रमकाबीचबाट अगाडि बढिरहेको छ

***यो अभियान उद्घाटन गर्दै तपाईले जनताबाट शक्ति आर्जन गरेर पुनःजनतालाई दिने भन्नुभयो । यो के भन्न खोज्नु भएको हो ? प्रष्ट पारिदिनुस् न ।***

यो महत्वपूर्ण कुरा हो । माओले बारम्बार भन्नुभएको थियो- 'जनताबाट लिएर जनतालाई दिनुपर्छ' । यसलाई मान्छेले गम्भीरतापूर्वक त लिँदैनन् तर यसको एउटा विशेष महत्व छ । जस्तो दार्शनिक रुपमा भन्नुपर्दा व्यवहारमा एकदम तल जनतामा जाने, व्यहारिक रुपमा त्यसलाई लिएर सिद्धान्तको स्तरमा विकास गर्ने अथवा व्यवहारबाट सिद्धान्त, सिद्धान्तबाट व्यवहार, यो एउटा त्यो प्रक्रिया हो । दोस्रो, जनवादी केन्द्रीयता- जनताको कुरा सुन्ने, साथीहरुका कुरा सुन्ने, सबै कुरा सुनेपछि सबै कुरालाई व्यवस्थित र परिमार्जित गर्दै केन्द्रीयतालाई विकास गर्ने, जनवादबाट केन्द्रीयता, केन्द्रीयताबाट जनवाद, र तेस्रो, नेतृत्वको काम गर्ने तरिका- विशेषबाट सामान्य, सामान्यबाट विशेषमा जाने कुरा हो । नेतृत्वको विकासको तरिका पनि यही हो । यही अनुसार सोचेर हामीले जनताबाट लिएर जनतालाई दिने भनिएको हो ।

***विगतमा जनताले माओवादीलाई अभूतपूर्व साथ दिए । राज्य दमनमा उत्रिदा ठूलो मूल्य चुकाएर माओवादीलाई बँचाए । जनयुद्धकै नेतृत्व गरेर आएका नेताहरु तीन पटक देशको प्रधानमन्त्री भए तर जनताले परिवर्तनको महसुस गर्न सकेनन् । अब क्रान्तिकारी माओवादीले परिवर्तन ल्याउनेमा जनताले विश्वास गर्ने आधार के छ ? स्पष्ट पारिदिनुस् न ।***

यसमा एक प्रकारको समस्या छ । किनभने, माओवादी नेतृत्वको एउटा पंक्तिले धोका दिइसकेपछि अब सबै माओवादी उस्तै हुन् भन्ने त देखिने भयो । तर जनताले बुझेका छन्- माओवादी धेरै प्रकारका छन् । सत्ता र सरकारमा बसेका माओवादीले धोका दिएका हुन् । अरु माओवादी पनि छन । यिनीहरु देश र जनताको पक्षमा छन् भन्ने कुरा जनतालाई राम्रोसँग थाहा छ । अर्को कुरा, जनताले साँच्चै विश्वास गर्ने कुरा भनेको हाम्रो काम र व्यवहारले हो । काम र व्यवहारले जनताको सेवा गर्नेतर्फ उन्मुख छ कि छैन भन्ने कुरा हामी जनताको बीचमा गएर पुष्टि गर्नुपर्छ । यसका लागि हामीले मेहनत गर्नुपर्छ, त्यो मेहनत हामी गर्छौं ।

***तपाईहरुले अभियानका क्रममा राष्ट्रवादी शक्ति र राजनीतिक विचार नजिक भएका शक्तिहरुसँग सहकार्य, कार्यगत एकता, पार्टी एकता लगायत माध्यमबाट गोलबद्ध बनाउने कुनै योजना/तयारी गर्नुभएको छ ?***

अब अहिले अभियानमा ठ्याक्कै त्यस्तो भने छैन । र, यो अभियानको बिचमा जाँदा कहाँ के के छ भन्ने कुरा देखा पर्न सक्छ, त्यसको अध्ययन हुन्छ । अहिले ठ्याक्कै त्यस्तो सम्भावना छैन । अहिले यो अभियान अरु कसैले समेटेर सुरु गरिएको पनि होइन । हामीले आफैं यस्तो अभियान चलाएका हौं । फिल्डमा जाँदा त्यस्तो अवस्था देखियो भने समावेश गर्न नसकिने भन्ने पनि होइन । अब जहाँसम्म पार्टीमा आबद्ध गर्ने कुरा हो, त्यसमा हाम्रो निरन्तर प्रयास हुन्छ । सच्चा क्रान्तिकारीहरु विभिन्न स्थानमा छरिएर बसेका छन्, तिनीहरुलाई एकीकृत र गोलबन्द गर्नुपर्छ भन्ने कुरामा हामी सचेत छौं । यो अभियानमा पनि हामीले त्यतातर्फ जोड दिन्छौं ।

***देशभरि अहिले संसदवादी दलहरुका कारण असन्तुष्टि बढ्दै गएको छ, यस्तो अवस्थामा जनतासँग सशक्त विकल्प पनि देखिएको छैन, तपाईहरुले यी जनताको आन्दोलनको नेतृत्व गर्न र जनवादी क्रान्तिलाई पूरा गर्न के योजना बनाउनु भएको छ ?***

पहिलो कुरा त हामीले संगठनलाई बलियो बनाउने कुरा नै हुन्छ । अभियान पनि संगठनलाई व्यापक बनाउनकै लागि ल्याइएको हो । बिना संगठन योजना ल्याउन पनि सकिन्न, संघर्ष गर्न पनि सकिन्न । यसकारण संगठनमा जोड दिएका हौं । त्यसकारण पहिलो कुरा संगठन र दोस्रो संघर्षमा जोड दिने हो । संगठन राम्रो बनेपछि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाललाई लिएर संघर्षका कार्यक्रम ल्याउने र जनपरिचालन गर्ने भनेका छौं । अहिले ठूलै प्रकारको संघर्ष हुने अवस्था देखिदैन । त्यसकारण सामान्य रुपमा ल्याउँछौं र आवश्यक परेको अवस्थामा जनतालाई संघर्षमा उतार्ने छौं । यो हाम्रा सबै प्रयत्नको मूल कुरा भनेको नयाँ जनवादी क्रान्तिको तयारी नै हो । हाम्रो योजना भनेकै नयाँ जनवादी क्रान्तिको तयारी कसरी गर्ने भन्ने नै हो । यो तयारीमा जाँदा रणनीति, कार्यनीतिलाई विकास गर्दै जानुपर्ने हुन्छ । त्यो दिशामा हामी छौं ।

> हामीले पार्टी चाहीँ दर्ता गर्दैनौं । क्रान्ति गर्ने पार्टी दर्ता गर्ने कुरा हुँदैन । हामी पार्टी दर्ता गर्दैनौं । यो निश्चित कुरा हो । दर्तावाल पार्टीले क्रान्ति गरेका छैनन् । यही संसदीय व्यवस्थालाई टिकाउने पार्टीले दर्ता गरेर हुने हो । तर आमूल परिवर्तन खोज्ने पार्टी दर्ता हुँदैनन् ।
>
> ”

***संसदवादी दलहरु स्थानीय निकायको निर्वाचन गराउने योजनामा अघि बढेका छन् । अब तपाईहरुको भुमिका के हुन्छ ? निर्वाचनमा भाग लिनु हुन्छ कि बहिस्कार ?***

अब यसमा दुईवटा कुरा गरौं । सैद्धान्तिक रुपमा भन्ने हो भने उपयोग गर्न पनि सकिन्छ र बहिस्कार गर्न पनि सकिन्छ । यो सैद्धान्तिक कुरा भयो, व्यवहारिक रुपमा भन्नुपर्दा, अब त्यो स्थितिमा ठ्याक्कै चुनावको अवस्था आयो भने के गर्ने भन्ने विषयमा केन्द्रीय समितिको बैठक बस्छ र निर्णय लिन्छ । आवश्यक ठान्यो भने उपयोग पनि गर्न सक्छ, बहिस्कार गर्ने निर्णय लिन पनि सक्छ । जुन निर्णय लिन पनि सक्छौं । त्यसबारेमा अहिले नै भन्नु अलि असामयिक होला, त्यस बेला नै हामी यसबारेमा वैज्ञानिक निर्णय लिनेछौं ।

***अहिले स्थानीय स्तरमा सरकारी निकायमा प्रतिनिधित्वका लागि पार्टी दर्ता हुनुपर्ने नियमहरु ल्याउन खोजिएको छ र दर्ता नभएका पार्टीलाई र खासगरी दोस्रो संविधान सभाको निर्वाचन बहिस्कार गरेका शक्तिलाई चेपुवामा पार्न खोजिएका खबरहरु सुनिन थालेका छन् । अब के पार्टी दर्ता गर्नुहुन्छ ?***

हामीले पार्टी चाँहि दर्ता गर्दैनौं । क्रान्ति गर्ने पार्टी दर्ता गर्ने कुरा हुँदैन । हामी पार्टी दर्ता गर्दैनौं । यो निश्चित कुरा हो । दर्तावाल पार्टीले विश्वमा नै क्रान्ति गरेको पाइदैन । दर्तावाल पार्टीले क्रान्ति गरेका छैनन् । यही संसदीय व्यवस्थालाई टिकाउने पार्टीले दर्ता गरेर हुने हो । तर आमूल परिवर्तन खोज्ने पार्टी दर्ता हुदैनन् । तर कुरा के हो भने दर्ता गरेपनि नगरेपनि उपयोग गर्न या बहिस्कार दुवै गर्न सकिन्छ । कुनै न कुनै तरिकाले, कुनै न कुनै पद्धति खोजेर जान सकिन्छ । त्यसप्रति हामी सचेत छौं । यही पार्टीलाई दर्ता गरेर जाँदैनौं ।

***हालै एक चिनियाँ अधिकारीले भारततर्फ संकेत गर्दै चीन पनि नेपालको छिमेकी भएको बताएका छन् यसको अर्थ के हुनसक्छ । के चीन पनि नेपाल छिर्न खोजेको हो ?***

यसको अर्थ त धेरै लाग्न सक्छ । एउटा कुरा के हो भने यहाँ भारतको बढी प्रभुत्व हुँदै आइरहेको र एकलौटी चलिरहेको अवस्थामा भारत मात्रै होइन, हामी पनि छौं भनेको हुनसक्छ । दोस्रो के हुन सक्छ भने भारतले बढी उत्पीडन गरिरहेको छ । हामी पनि छौं है, तर हामी हस्तक्षेपकारी भूमिकामा आउन चाहदैनौं भनेको पनि हुनसक्छ । यसका धेरै अर्थ हुने भएकाले यी सबै व्यवहारबाट प्रष्टिन्छन् ।

***कतै नेपालको आन्तरिक मामिलामा भारत जस्तै चीन पनि प्रवेश गर्न खोजेको त होइन ?***

अब त्यसलाई अहिले नै त्यसो नभनौं । किनभने, चिनियाँहरुले नेपालप्रति अहस्तक्षेपको नीति रहेको छ भनिरहेका छन् । त्यो भनिरहेका बेला यही हो भन्न त मिल्दैन । अरु के हो त्यो भविष्यमा नै थाहा लाग्ला ।

***त्रभूवन विमानस्थलमा भारतीय सेनाको एअर मार्सल राख्ने सहमतिसमेत गरेको समाचारहरु बाहिर आएका छन् । यसप्रति क्रान्तिकारी माओवादीको धारणा के हो ? राष्ट्रिय स्वाधिनतामाथि दिन दिनै खतराको बादल मडारिरहेको वर्तमान अवस्थामा क्रान्तिकारी तथा राष्ट्रवादी शक्तिहरुको कस्तो भूमिका हुन जरुरी छ ?***

यो जेट विमानमा एअर मार्शल राख्ने भन्ने समाचार बाहिर आयो । यसबारेमा हामीले वक्तव्यमा पनि आफ्ना धाराणा बाहिर ल्याइसकेका छौं । मूल रुपमा के हो भने नेपालको राष्ट्रिय स्वाधीनतामाथिको गम्भीर खतरा हो । हामीले यही रुपमा लिन्छौं । यस्तो कुरा पहिलेदेखि नै चल्दै आएको छ र हामीले विरोध पनि गर्दै आएका छौं । यसकारणले यसमा हामीले दृढतापूर्वक प्रतिकार गर्नुपर्छ । यो सहमति भएको छ भन्ने जुन कुरा आएको छ, त्यो सार्वजनिक गरिनुपर्दछ र खारेज गर्नुपर्छ । अर्को कुरा के हो भने सबै देशभक्त, राष्ट्रवादी शक्तिहरु, जनताहरु एक भएर यो हस्तक्षेपविरुद्ध जुध्न मानसिक रुपमा तयार हुनुपर्छ र कार्यक्रमिक रुपमा पनि जान तयार हुनुपर्छ । हामीले पनि यी विषयहरुमा ध्यान दिँदै केही कार्यक्रमहरु त बनाउँदै आएका छौं । भारतीय विस्तारवादविरुद्ध हामीले कार्यक्रम बनाएरै विरोध गरिरहेका छौं । यसलाई निरन्तर रुपमा अघि बढाउँछौं । एक्लै र कार्यगत एकतामा माध्यमबाट पनि अघि बढ्छौं ।

***राष्ट्रियताको पक्षमा गरिएको तीन दलीय कार्यगत एकताको प्रक्रिया अब कसरी अगाडि बढ्छ ? दोस्रो चरणको संघर्षको कार्यक्रम आउने सम्भावना कत्तिको छ ?***

अब हामी यसको समीक्षा गर्न बसेका थियौं । पहिलो चरणका कार्यक्रम राम्ररी सम्पन्न भएका छन् । दोस्रो चरणका कार्यक्रमहरु दिनुपर्छ भनेर पनि सोचेका छौं । उपयुक्त समयमा बसेर फेरि एउटा कार्यक्रम लिएर जान्छौं ।

***तपाई अर्थराजनीतिका ज्ञाता पनि हुनुहुन्छ । देश अहिले रेमिट्यान्सको भरले टिकेको छ । देशको आर्थिक विकासको अवरोधक शक्ति कुन हुन् ? देशलाई विकासको गतिमा अघि बढाउन के गर्नुपर्ला ?***

देश रेमिट्यान्सले टिकेको छ भन्ने कुरा सत्य हो । साथसाथै कुरा के हो भने नेपालको प्राकृतिक स्रोत, साधन, मानवीय स्रोतसाधनलाई राम्रोसँग उपयोग गर्ने हो भने देशको विकास सम्भव छ । देशभित्रका युवाहरुलाई विदेश पठाउनु पर्दैन भन्ने कुरा स्वतः स्पष्ट छ । त्यसो नगर्ने, नेपालको स्वतन्त्र अर्थतन्त्रको विकासको बाधक शक्ति के हो भन्ने कुरा गर्नुपर्दा वर्गीय रुपमा भन्ने हो भने दलाल पूँजीपति, नोकरशाह र सामन्त वर्ग हो । जसले देशको विकास गर्न चाँहदैन र सक्तैन । अर्को कुरा, त्यो वर्गको प्रतिनिधित्व गर्ने शक्तिहरु लगातार सत्ता र सरकारमा बस्दै आएका छन् । तिनीहरु नै बाधक हुन् । ती शक्ति र वर्गका विरुद्ध संघर्ष गरेर मात्रै देशलाई आत्मनिर्भर बनाउन सकिन्छ । देशको प्राकृतिक र मानवीय स्रोत साधनहरुको समुचित उपयोग गरेर देश विकास गर्न अनी, रोजगार सिर्जना गर्न सकिन्छ भन्ने लागेको छ, हामी त्यो प्रक्रियामा लाग्छौं ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# नेतृत्वको भूमिका र संगठन शुदृढीकरणको महत्व


देश मुक्ति चाहन्छ, जनता स्वतन्त्रता चाहन्छ । तर, मुक्ति र स्वतन्त्रता भनेको त्यतिकै कसैले कसैलाई स्वेच्छाले दान-दातव्य दिनु र लिनु जस्तो होइन । मुक्ति र स्वतन्त्रता प्राप्त गर्न भीषण संघर्ष अर्थात् क्रान्तिको आवश्यकता पर्छ । क्रान्ति भनेको फेरि सितिमिति कसैले चाहना राख्दैमा क्रान्ति भइहाल्छ भन्ने कुरो होइन र कसैको सनकमा हुने र गर्ने कुरो पनि होइन । क्रान्ति गर्न र हुन क्रान्ति हाँक्न सच्चा क्रान्तिकारी पार्टी हुनु जरुरी छ । त्यसैगरी क्रान्तिकारी पार्टीभित्र पार्टी संचालन गर्दै क्रान्तिलाई हाँक्न सक्षम नेतृत्व चाहिन्छ । यस्तो नेतृत्वदायी व्यक्तित्व फेरि आकाशबाट खुसुक्क तल झरिआउने होइन र धर्तिबाट सुटुक्क पलाउने पनि होइन । हो त मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोणसंगै व्यवहारिक रुपले संघर्षमा समेत खारिएर आएकाको नेतृत्वले मात्र सबल नेतृत्व गर्न र हुनसक्ने कुरामा दुईमत हुन सक्दैन । र, त्योसंग क्रान्तिको निमित्त देशको वस्तुस्थितिसँग मिल्दोजुल्दो र आवश्यकता अनुरुपको क्रान्तिकारी रणनीति, कार्यनीति र तद अनुरुपको कार्यदिशा हुनु पनि जरुरी छ ।

सबल र सक्षम नेतृत्वदायी व्यक्तित्व बन्न र हुन उनमा हुनुपर्ने गुणमा दिमित्रोभले अघिसार्नु भएको अत्यन्त महत्वपूर्ण यी चारवटा सर्तहरु- "उद्देश्यपूर्ण समर्पण, जनसमूहसित अटुट सम्पर्क, स्वतन्त्र रुपले आफ्नो दायित्व वहन गर्ने क्षमता र अनुशासनको पालना"लाई बिना हिचकिचाहट आत्मसात गर्नु नितान्त जरुरी छ । यी चारवटा सर्त भनेको त्यो कुनै ज्वाहारातको गहना होइन र शरीरमा छर्किने अत्तर पनि होइन । हो त त्यो नेतृत्वलाई सदा तिखारिराख्ने वैचारिक साजबाज हो । खासमा भन्नुपर्दा यी चारवटा सर्तहरुलाई इमान्दारितापूर्ण ग्रहण गर्न नसक्ने कुनै पनि व्यक्ति नेतृत्वतहको लागि लायक हुन्न र त्यस्ता ध्वाँसेलाई नेता भनेर स्वीकारिरहन सक्ने कुरो पनि होइन ।

नेतृत्व कै कुरा गर्दा अध्यक्ष क. माओले भन्ने गर्नुहुन्थ्यो- "पार्टीका सबै व्यवहारिक कामहरुमा "जनसमूहबाट लिएर जनसमूहलाई नै दिने सही नेतृत्व हुनु जरुरी छ । यसको अर्थ के हो भने जनसमूहका विचारहरु ग्रहण गर्नु र तिनलाई एकीकृत गर्नु (अध्ययनद्वारा तिनलाई केन्द्रित र व्यवस्थित विचारमा फेर्नु), त्यसपछि जनसमूहको माझमा गएर जनसमूहले यी विचारलाई आफ्नै विचार ठानेर ग्रहण नगरुन्जेलसम्म यी विचारमा दरिलो गरी नलागुन्जेलसम्म र यिनलाई कार्यरुप नदिउन्जेलसम्म यिनको प्रचार गर्नु र जनसमूहलाई सम्झाइ-बुझाइ गर्नुपर्छ र यस्ता कार्बाहीहरुबाट यी विचारहरुको सत्यतालाई जाँच्नुपर्छ । त्यसपछि फेरि एकपटक जनसमूहबाट विचारहरु एकीकृत गर्नुपर्छ र तिनको सार खिच्नुपर्छ अनि फेरि एक पटक जनसमूहका माझ जानुपर्छ; जस्ले गर्दा ती विचारमा अडिग रहन र तिनलाई कार्यान्वयन गर्न सकियोस् ।" यो भनाइ अनुरुपको गराइको मेलोमेसो क्रान्तिकारी कम्युनिष्टहरुको निमित्त उच्चकोटीको व्यवहारिक ज्ञानसम्बन्धी मार्क्सवादी सिद्धान्त हो । र, यसलाई तपाईं हामी सबैले अत्यन्त महत्वका साथ मनन् गर्नु जरुरी छ ।

पार्टीभित्र हामीमध्ये कतिपय कमरेडहरु पार्टीका क्रियाकलाप अर्थात् पार्टीको नीति निर्देशनमा संचालित संर्घषका अनुभवको सार खिच्नुपर्ने कुराको महत्व नबुझेर हो वा बुझेर पनि आवश्यक नठानेर हो, तर आफूलाई बडो चलाख ठान्दै आफ्नै मनोगतवादी विचारहरुको डम्फु बजाउन मन पराँउछन् । त्यसैले गर्दा उनीहरुको विचारहरु हलुङ्गो, खोक्रा र अव्यवहारिक हुन जान्छन् । र उनीहरु ठान्छन् दुनियाँमा आफूभन्दा जान्नेसुन्ने अरु कोही छैन र आफ्नो सोचाइ नै एक मात्र सही हो र आफूले बोलिआएकै कुरा मात्र सत्य हो । त्यसैले उनीहरु जनसमूदायबाट आएको सकरात्मक टिकाटिप्पणी र आलोचना मात्र होइन, पार्टीभित्रका आफ्नै कामरेडहरुबाट दिइने सल्लाह, सुझाव र आलोचना सुनेर सुध्रिने त परको कुरो सुन्ने धैर्यतासम्म कायम राखेको देखिन्न र पाइन्न । त्यस्ता अधकल्चो व्यक्ति विशेषहरुको सोच र आचरणले गर्दा सिंगो पार्टीलाई त अहित गर्छ नै त्यस्तो गलत सोच र आचरणले उनीहरु आफूलाई पनि अहित बाहेक हित त कुनै हालतमा हुँदैन र गर्दैन ।

हाल पार्टीमा चलिआएको शुद्धीकरण अभियानले पक्रनु पर्ने विधि भनेको विगत कार्यको जाचँबुझ वा काडरहरुको विगतका कार्यकलापहरुको निरिक्षण सम्बन्धि हुनुपर्ने हो, प्रचार कार्य संगठनात्मक कार्य वा अरु कार्य कुनै होस्, उपल्लो तहको कुनै संगठन र यसका विभागहरुले तल्लो तहको सम्बन्धित संगठनको नेतासित बसेर सारा कुराको जाचँबुझ गर्नु पर्थ्यो, जस्ले गर्दा उसले जिम्मेवारी सम्हाल्न सकोस् । शुद्धीकरणको कार्यविधि यस्तो हुनु पर्थ्यो तर यसो भएको देखिएन भन्नुपर्ने बाध्यताले पछ्याउन थालेको महसुस हुन आएको छ । यस्तो महसुस हुन आउनुको कारण पहिलो कुरा नेतृत्वपङ्क्ति पहिले आफू पद र प्रतिष्ठाको लालची हुनुबाट मुक्त भई माथि उठ्नु जरुरी थियो । दोश्रो कुरा नेतृत्वपङ्क्तिले आफ्नो मातहतमा रहेका काडरहरुलाई कम्युनिष्टहरुको निमित्त ठूलो कुरो पद र प्रतिष्ठा होइन, सिद्धान्तप्रति निष्ठावान भई पार्टीले सुम्पेको कार्यभारलाई इमान्दारितासाथ दत्तचित्त भई लागिरहनु पर्छ भन्ने कुरो सम्झाउन बुझाउनमा कमीकम्जोरी हुनपुगेको आभास आउनु, तेस्रो कुरा सम्बन्धित निकायका व्यक्ति विशेषहरुबाट, त्यसै निकायका कुनै व्यक्ति विशेषको गलत क्रियाकलाप र आचरणविरुद्ध आवाज उठ्नु र उठाउनुलाई उपल्लो तहका सम्बन्धित नेतृत्वतहबाट छानबिनको प्रक्रिया अपनाई वातावरण सङ्गलो पार्नु पर्थ्यो, त्यसो भएको नपाउनु जस्ता नेतृत्वपङ्क्तिबाट हुनगएको कमी कमजोरी तथा काडरहरुबाट पनि पार्टीभित्र क्रियाकलापमा उच्छृङखल र उडन्ते व्यवहार गर्नु जस्तो अशोभनीय कार्यलाई समय छँदैं सच्याई पार्टी अनुशासन कायम राख्दै काडरहरुमा देखिन थालेको निरास र अकर्मण्यतालाई हटाई पार्टीलाई सुदृढ पार्ने कुरातर्फ पनि ध्यान पुर्‍याउनु जरुरी छ ।



◆ पुष्प गोपाल श्रेष्ठ

**क्रान्तिकारी कम्युनिष्ट पार्टी भनेको खास अर्थमा भन्नुपर्दा देशको आवश्यकता र जनताको चाहनालाई मूर्त रुपदिन मार्क्सवाद-लेनिनवाद-माओवादको अडान र दृष्टिकोण अनुरुप, मार्क्सवादी-लेनिनवादी-माओवादी सिद्धान्तको धरातलबाट कतिपनि विचलित नभई आषनो लक्ष र उद्देश्यको निर्दिष्ट स्थानसम्म जुझारु ढङ्गले अगाडि बढ्ने क्रान्तिको नेतृत्व गर्ने अग्रदस्ता हो ।**

शुद्धीकरण आन्दोलन केबल शुद्धीकरण नाउँको निमित्त मात्र शुद्धीकरण आन्दोलन गर्ने होइन र गरिने होइन । यो शुद्धीकरण आन्दोलनले पार्टी संगठनलाई सुदृढ पार्दै नेतृत्वको विकास गर्नु छ । किन कि यो आन्दोलनसित पार्टीसँग सम्बन्धित सबै संगठनलाई सुदृढ गर्नु सँगसँगै नेतृत्वको विकास गर्ने कुरा पनि त्यतिकै घनिष्ट रुपले जोडिएको छ । आन्दोलनको सिलसिलामा प्रत्येक एकाइमा केही सक्रिय व्यक्तित्वहरुको एउटा नेतृत्वदायी टोली गठन गर्नु जरुरी छ । र, यस नेतृत्वदायी टोलीमा पनि सम्बन्धित एकाइको प्रमुख राख्न जरुरी छ । अनि यस नेतृत्वदायी टोलीले आन्दोलनमा भागलिने पार्टीभित्रका र बाहिरका सबै सम्बन्धित पक्षसँग घनिष्ट सम्बन्ध राख्नुपर्छ । अन्यथा यो नेतृत्वदायी टोली जतिसुकै सक्रिय भएपनि यसले आफ्नो कार्यकलापलाई जनसमूहका कार्यकलापसित नगाँसुञ्जेलसम्म यसका कार्यकलापहरु मुट्ठीभर मानिसहरुका निस्फल प्रयास मात्र हुनेछ, लाई चरितार्थ हुने गरी पार्टीभित्रको गतिविधि सुस्ताउँदै गइरहेको हो कि भन्ने जस्तो आभास आउनु थालेकोमा नेतृत्वदायी टोली गम्भीर हुनु जरुरी छ । नेतृत्वदायी टोलीले विचार पुर्‍याउनुपर्ने अर्को कुरा जनसमूह मात्र सक्रिय छन् र तिनका कार्यकलापहरुलाई उचित ढङ्गले सङ्गठित गर्ने नेतृत्वदायी टोली नहुने हो भने यस्तो कार्यकलाप धेरै बेरसम्म टिक्न सक्दैन वा सही दिशातर्फ अघि बढ्न सक्दैन । यसको उदाहरण नेपालमा ०४६ चैत्र २४ गते भएको राजनैतिक घटनालाई लिन सकिन्छ ।

नेतृत्वदायी टोली गम्भीर भएर यस्तो साङ्गोपाङ्गोलाई जिम्मेवारीपूर्ण ढङ्गले मिलाउँदै सानो संख्याको रुपमा जनसमुदाय माझ रहेका सक्रिय तत्वहरुलाई नेतृत्वको वरिपरि एकतावद्ध गर्न नेताहरु सिपालु हुनैपर्छ, अनि यसैगरी बीचका तत्वहरुको स्तर उकास्ने र पिछडिएका तत्वहरुलाई आफूतिर तान्ने काममा नेताहरु सक्रिय तत्वहरुमाथि भर पर्नैपर्छ । नेतृत्वदायी टोलीले बुझ्नुपर्ने कुरा यो पनि हो- धेरै ठाउँहरु र संगठनहरुमा पार्टीले तोकेको कामलाई अघि बढाउन नसक्नाको एउटा आधारभूत कारण हो- एकताबद्ध भएको, जनसमूहसित घनिष्ट सम्बन्ध जोडिएको र स्वस्थ तत्वहरुले सँधैं भरि पूर्ण भएको नेतृत्वदायी टोलीको अभाव हुनु हो । यस्तो अभाव हटाउन ठाउँ विशेषको वास्तविक परिस्थितिलाई ध्यानमा राखेर, यसो भनेर फेरि उही 'महादेव र गणेश' प्रवृत्ति अपनाएर होइन र त्यहाँका अत्यन्त सक्रिय, इमान्दार र जागरुक शिक्षकहरु, विद्यार्थीहरु, किसान र सर्वसाधारण जनसमूहलाई समेत समावेश गरेर संगठन बनाउन सकिन्छ । यसरी काडरहरुको खाँचो पूरा गर्न र सामुन्नेमा आइलागेका काम गर्नका निम्ति थुप्रै मानिसहरुलाई सक्रिय काडरमा फेर्न सघाउ पुर्‍याउँछ । वास्तवमा भन्नुपर्दा यो पनि नेतृत्वलाई जनसमूहसित गाँस्ने तरिका नै हो ।

हामीले के पनि बुझि राख्न जरुरी छ भने कुनै खास ठाँउमा एउटै समयमा अनेकौं काम हुन सक्दैन । यस्तो स्थितिमा कामको महत्व हेरी कामलाई श्रेणीवद्ध हुने गरी कामको चाँजोपाँजो मिलाउनु जरुरी हुन्छ । त्यसैले कुनै एक क्षेत्रमा कामको पूर्णरुपले जिम्मेवारी सम्हाल्ने व्यक्तिले विशेष महत्वकासाथ त्यस संघर्षको इतिहास र ठोस परिस्थितिमाथि ध्यान केन्द्रित गरेर कामहरुलाई उचित महत्वक्रम मिलाएर कार्य सम्पन्न गर्नेतिर लाग्नुपर्छ । साथसाथै माथिल्लो निकायबाट आउने कुनैपनि निर्देशनलाई आफ्नो तर्फबाट कुनै योजना नै नबनाइकन जस्ताको तस्तै रुपमा लागू गरेर कामकुरालाई भद्र्गोल पार्नु हुँदैन । र, माथिल्लो तहबाट पनि कामको तुलनात्मक महत्व र आवश्यकताको किटान नगरी भद्र्गोल तालले तल्लो संगठनलाई भद्र्गोल हुनेगरी सबै काम एकै पटक सुम्पिनु हुँदैन । माथिल्लो तहले भद्र्गोल तालले आफ्नो मातहतका संगठनहरुलाई काम सुम्पिने गर्‍यो भने त्यस्तो कामबाट ठोस नतिजा हासिल हुँदैन । ठोस कामको ठोस नतिजाको निमित्त ठोस रुपले नै कामको सिलसिला मिलाउनु अत्यावश्यक पर्छ ।

क्रान्तिकारी कम्युनिष्ट पार्टी भनेको खास अर्थमा भन्नुपर्दा देशको आवश्यकता र जनताको चाहनालाई मूर्त रुपदिन मार्क्सवाद-लेनिनवाद-माओवादको अडान र दृष्टिकोण अनुरुप, मार्क्सवादी-लेनिनवादी-माओवादी सिद्धान्तको धरातलबाट कतिपनि विचलित नभई आफ्नो लक्ष र उद्देश्यको निर्दिष्ट स्थानसम्म जुझारु ढङ्गले अगाडि बढ्ने क्रान्तिको नेतृत्व गर्ने अग्रदस्ता हो । यस अग्रदस्ताका क्रान्तिकारी कम्युनिष्टहरुले आफ्नो नेतृत्वदायी भूमिका अर्थात् देशमा चालु क्रान्ति (संघर्ष) जति-जति कठिन मोडबाट गुज्रनु परेको हुन्छ; क्रान्तिकारी कम्युनिष्टहरुले आफ्नो नेतृत्वलाई व्यापक जनसमूहका मागहरुसित घनिष्टरुपले गाँस्नुपर्ने कुराको खाँचो पनि त्यति नै बढेर जान्छ; जसबाट नेतृत्वमा लिसोझैं टाँसेर आइरहेको मनोगतवादी र नोकरशाही तरिकाहरुलाई पूरापूर तहसनहस पार्न सकियोस् ।

हामीले यो कदापि भुल्नु हुन्न कि हाम्रो सामु हाम्रो देश नेपालमाथि आफ्नो हैकम लाद्न भारतीय विस्तारवादले बढो चतुर्‍याइँपूर्ण ढङ्गले यहिंकै क्रियाशील विभिन्न राजनैतिक पार्टीका शीर्षस्त नेता भन्नेहरुदेखि तल्लो तहका नेतृत्वपङ्क्तिहरुलाई र अरु कतिपय संघ संस्थाहरु तथा कतिपय भ्रष्ट कर्मचारीहरुलाई समेत आफ्नो दलालीमा जबरजस्त समावेस गराई हाम्रो देश नेपाललाई पूर्णरुपले नव-उपनिवेसतिर घिसार्दै लगिरहेको यो वर्तमानको राजनैतिक स्थिति हो । तसर्थ, नेपाललाई नव-उपनिवेशवादी चंगुलबाट जोगाउन नेपाली क्रान्तिको ठोस व्यावहारसित मार्क्सवाद-लेनिनवाद-माओवादको विश्वव्यापी सत्यलाई, नेपाली क्रान्तिको वास्तविक आन्दोलनसित गाँस्ने उद्देश्यले र यस सिद्धान्तबाट नेपाली क्रान्तिको निमित्त आवश्यक क्रान्तिकारी कार्यदिशा र कार्यनीतिक समस्याहरु हल गर्न, अडान, दृष्टिकोण र पद्धति हात लगाउने उद्देश्यले मालेमावादी सिद्धान्त र पद्धतिका आधारमा सर्वपक्षीय आर्थिक वित्तीय, राजनैतिक, सैनिक, सास्कृतिक र पार्टीका कार्यकलापहरुका स्थितिबारे सविस्तार अध्ययन गरी उचित र आवश्यक निष्कर्षकासाथ आम जनसमुहमाझ पूर्णरुपले घुलमेल भई राष्ट्रिय स्वाधीनताको रक्षा जनतन्त्र र जनजिविकाको समस्या निराकरण गर्दै राष्ट्रिय स्वाधीनतालाई सुदृढ पार्न अत्यावश्यक नयाँ जनवादी क्रान्ति, अर्थात् नेकपा-माओवादीको सातौं ऐतिहासिक राष्ट्रिय महाधिवेशनबाट सगौरब पारित "जनयुद्धको जगमा जनविद्रोह" गर्ने क्रान्तिकारी कार्यदिशालाई व्यवहारिक रुपले तयारीका साथ नेपाली मैदानमा उत्रनु र उर्तानु आज क्रान्तिकारी कम्युनिष्टहरुको यो अत्यन्तै गम्भीर राष्ट्रिय दायित्व हो ।

२०७२/०६/२५

◆ झर्रोटर्रो कैलुब्राह

## सहिदको वक्तव्य

माघ १६ को पूर्वसन्ध्या पारेर कान्तिपुरी नगरीको सहिदगेटमा तैनाथ राणाकालिन चार सहिद शुक्रराज, धर्मभक्त, गङ्गालाल र दशरथले मलाई विशेष निम्तो दिएर आफ्नो कुटीमा बोलाए । मलाई अचम्म लागो, किन यी मरेका मनुवाहरूले म जिउँदोलाई बोलाए ? मलाई अलिकता डर पनि लागो । कतै मलाई पनि सँधैका लागि आफ्नो कुटीतिरै लान पो खोजेका हुन् कि ? नत्र यो नगरीमा म भन्दा पनि घागडान पत्रकारहरू एकादुई त के दर्जन भन्दा पनि बढि सयौँ पो छन् त । तैतै बोलाईसकेको ठाउँमा नजानु पनि भएन । म अलिअलि डर, अलिअलि आश्चर्य, अलि बढि जिज्ञासा राख्दै लखर लखर गर्दै डायरी, कलम र स्पिकर बोकेर लागेँ सहिदगेट तिर ।

म सहिदगेटको सहिदकुटीमा पुग्दा चारजना सहिद झोक्राएर बसेका थिए । म गेटमा पुग्नासाथ धुरीबाट पिचास राजा त्रिभुवनले ठाडै हकारे – 'ए कैलुब्राह कस्को आदेशले यो कुटीमा आयौ ? म यो कुटीको राजा हुँ । जिउँदो हुँदा नेपाल मण्डलको राजा थियाँ, मरेपछि सहिदहरूको राजा बनेर यहाँ गद्दीआसिन भयाको छु । राजा भयाका दरबारमा आदेश विना आउन्या पाइँदैन भन्ने कुरो तिमीलाई थाहा भएन ? अझ तिमीले त मलाई स्वस्ती दर्शनभेट पनि गर्‍यानउ । कस्ता सोमत नभयाको असत्ती रह्याछौ ।' मैले कत्ति पनि शीर नझुकाएर ठाडै उनलाई जबाफ दिएँ – 'म नजन्मिदै तपाइँ मरिसकेको हुनाले तपाइँलाई मैले राजा मान्नु परेन । मैले वाल्यकालमा अवोधमा मान्नु परेका राजालाई तिम्रै सन्तानले कुइरे, खैरे, काले ककसको आदेशमा हो दरबारमै बंशै सिध्याएर मारे । पछि बनेका राजालाई जनताले नै हुत्याएर जङ्गलको कुटीतिर लखेटे । अब मेरो देशाँ राजासाजा छैनन् । त्यसैले तपाइँलाई दर्शन गर्नुपर्ने र तपाइँको आदेश मान्नु पर्ने मलाई कुनै दरकार छैन । मलाई त सहिदहरूले विशेष निम्ता दिएर बोलाएको हुनाले यहाँ आएको हुँ ।' त्यसपछि उनी चुपचाप भित्र पसे । मलाई देख्नासाथ चार सहिदले भित्र बोलाए । मैले हातमा समाएको पुष्पगुच्छा चारैजनालाई हात हातमा दिएँ र पिर्कामा बसेँ ।

बस्नासाथ मैले के कति काम विशेषले मलाई बोलाउनु भएको होला भनेर सोधेँ । उनीहरूले तपाइँ पत्रकारसँग केही गुनासो पोखौँ भनेर बोलाएको हो भने । मैले खोई त यहाँ अरू पत्रकारहरू त कसैलाई पनि देख्दिन । हाम्रो मण्डलमा त अचेल घरैपिच्छे पत्रकारहरू छन् । म भन्दा कयौँ घागडान पत्रकारहरू ठूल्ठूला सञ्चार चलाएर बसेका छन् । उनीहरूलाई किन नबोलाएको भनेर जिज्ञासा राखेँ । उनीहरू अलि रिसाएको अनुहार लाउँदै जङ्गिएर भने – 'छोड्नस् यी घागडानका कुरा । तिनीहरू कोही पत्रकार सत्रकार होइनन् । कर्पोरेट हाउसका जुठो चाहार्दै हिँड्ने, दुतावासका हण्डी खाने, सरकारी कलो चाट्ने, जनताका पीरमर्काका बारेमा बोल्ने र आन्दोलन गर्ने असली पार्टीलाई बाइपास गरेर दिउँसै रात पार्न खोज्ने, सरकार चलाउने पार्टीको र नेताको भने भजन गाउने, चाकडी गर्ने, सरकारको विरोध गरेको स्वाङ रच्ने र वार्गेनिङ गरेर सिता सोहर्न पछि नपर्ने, एनजिओ आइएनजिओहरूको चाकडी गरेर फाइब स्टारहरूमा टुप्पीबाट सास फुत्किनेगरी दारू धोक्नेहरू पनि पत्रकार हुन्चन् ? सत्यतथ्य कुरा जस्ताको तस्तै लेख्ने अहिलेसम्म कसैको जुठो नचाटेर निश्कलङ्कित भएको पत्रकार तपाइँलाई मात्रै भेटायौँ त्यसैले तपाइँलाई मात्रै बोलाएको हो । हाम्रा कुरा जस्ताको तस्तै छाप्नुहोला ।' मैले हुन्छ भन्दै उनीहरूसँग लामै बात मारेँ । धेरै अन्तरङ्ग कुराकानी भए ।

अन्त्यमा मलाई एउटा वक्तव्य दिँदै भने – 'लौ यो वक्तव्य जस्ताको तस्तै छापिदिनुहोला । अरू ठूला भनिएका मिडियाहरूले काटकुट पारेर आफूलाई चाहिने कुरा मात्र समाचार बनाएर छाप्चन् । त्यो पनि आफ्नो स्वार्थमा धक्का नलाग्ने भएमा मात्र महत्व दिन्चन् त्यसैले पनि उनीहरूलाई नबोलाएको हो । तपाइँ जनताको पत्रकार भएको र सत्यतथ्य लेख्ने भएकाले तपाइँलाई मात्रै दिएको हो ।'

वक्तव्यको पूर्ण पाठ यस्तो छ –

'प्यारा देशवासी दुःखी, गरिब, उपेक्षित, उत्पीडित, राज्यले सँधै ठगेका, लुटिएका, हेपिएका चेपिएका, सबै जाति, धर्म, संस्कृति र सम्प्रदायका असली नेपाली रैथानेहरू !

हामीले राणा शासनको अत्याचारका विरुद्ध लड्दा राणाहरूले हामीलाई मारे । त्यसबेला हामीलाई राणाहरूले अपराधी भने पनि सातसालपछि हामीलाई सहिद भन्न थालियो । अहिलेसम्म पनि सहिदको दर्जा त पाएकै छौँ । तर पनि हामीलाई यो विशेषणले मात्र चित्त बुझ्नै सकेको छैन । पहिलो गुनासो र आपत्ती हाम्रो के छ भने हाम्रो कुटीको धुरीमा भगौडा राजालाई ल्याएर हाम्रो मानमर्दन हुने गरी राखिएको छ । हामी राणाका विरुद्ध लडेर मारियौँ तर कसैका सामू लम्पसार परेर जीवनको भीख मागेनौ । यो राजाले राणा भएपनि उनीहरूकै नातागोताभित्रका खलकसँग लड्न नसकेर ज्यानको भिख माग्दै विस्तारवादी प्रभुको शरणमा देशै छोडेर भागेको हो । यस्तो कायर, गद्धार र लुतेलाई ल्याएर हाम्रो शाषक बनाएर राखिदिए । रैतिहरूले लडेर राणा शासन हटाउने तर भगौडालाई राजा बनाएर प्रभुले पठाए । राणा हटेर के भो त राजा उस्तैगरी शक्तिसाली भएर आयो । यो भगौडालाई आफ्ना मावलीहरूको सत्ता खोस्नु मात्रै थियो, जनतालाई दिनु थिएन । यस्ता पातकीलाई हामीले टाउकामा बोकेर भार थाम्नु परेको छ । यसमा हाम्रो घोर आपत्ती छ ।

दोस्रो कुरा, सातसालदेखि अहिलेसम्मका सरकारका लाउकेहरू र आलोपालो सरकार चलाएका दलका लाउकेहरूले हरेक बर्स माघ १६ गते आएर हाम्रा गलामा माला लगाउँचन् र गोहीका आँशु झार्दै हिँड्चन् । यो कुरा पनि हामीलाई कत्ति मन परेको छैन । सत्ता चलाएका यी असत्ती, कुलाङ्घार, भ्रष्टाचारी, चोर, तस्कर, दलाल, मातृभूमिका हत्याराहरूले सातसाल यता नेपालका नदीनाला सबै बेचेर खाए । दलका लाउकेहरूले आफ्नो स्वार्थमा गरिबगुरुवाहरूलाई लडाएर गलकोटे उखानबहादुरले भनेझैँ साँच्चिकै सहिदको खेती मात्र गरे । सत्तामा गएपछि सबै एउटै बारीका मुला भए । पञ्च, काङ्ग्रेस, एमाले, माके, जातिवादी र क्षेत्रवादी पार्टी चिन्नुबिन्नु क्यै भएन । सबै उस्तै छन् । सबैलाई दक्षिणी र सात समुन्द्र पारीका प्रभुहरूले नचाएका छन् । उनीहरूको दलाली गरेर मोज लुटेका छन् । देशको दोहन गरेका छन् । यस्ता अधर्मीहरूको हातबाट माला भिर्नु पर्दा हामीलाई हुनसम्मको चोट परेको छ ।

सातसालमा काङ्ग्रेसले जनतालाई मराएर मोज लुट्यो । मर्नेहरूको सपनाको हत्या गरे । २८ सालको झापाको साउँब्याज खाएर एमालेका लाउकेहरू बङ्गुरझैँ मोटाएका छन् । एनजिओ, आइएनजिओको ढडिया थापेर डलर कुम्ल्याएका छन् । जनयुद्धमा त झन् दसौँहजार गरिबगुरुवाले बलिदान गरे । आज उनीहरूलाई लडाउने लाउकेहरू मन्त्री प्रधानमन्त्री भएर मोज लुटेका छन् । प्रभुहरूका अगाडि दास बनेर लम्पसार परेका छन् । कमाण्डरहरू र अठन्नी चवन्नी तहका टाठाबाठा हनुमानहरूले तस्करी गर्ने, जग्गा दलाली गर्ने, ठेकेदारसँग मिलेर कमिसन खाने धन्दामा लिप्त भएका छन् । युद्धमा लागेका गरिबगुरुवाहरूलाई ... बाँकी ७ पेजमा

# अन्तर-साम्राज्यवादी अन्तरविरोध र सर्वहारा क्रान्ति


इन्द्रमोहन सिग्देल 'बसन्त'

यही २०१७ जनवरीको तेस्रो साताका अन्तिम दिनहरुमा विश्वको अर्थ-राजनीतिमा दीर्घकालिन अर्थराख्ने दुईबटा महत्वपूर्ण परिघटना घटेका छन् । जनवरी २०का दिन डोनाल्ड जोन ट्रम्पको ४५औं अमेरिकी राष्ट्रपतिका रुपमा सपथ ग्रहण सम्पन्न भएको छ । सपथ ग्रहण समारोहका क्रममा उनले अमेरिकी जनतालाई करीव १८ मिनेट लामो सम्बोधन गरेका छन् । अर्कोतिर, यही जनवरी १७ देखि २० सम्म स्विटजरल्याण्डको डेभोसमा विश्व आर्थिक मञ्च (ध्यचमि भ्अयलकष्अ ँयचगm)को वार्षिक बैठक सम्पन्न भएको छ । उक्त बैठकको सुरुका दिन चिनियाँ राष्ट्रपति सि जिङ्ग पिङ्गले करीव १ घण्टा लामो अर्को एउटा संबोधन गरेका छन् । सरसर्ती हेर्दा, एउटा देशको राष्ट्रपतिले सपथ ग्रहणका क्रममा आफ्ना देशका जनतालाई गरेको संबोधन र अर्को कुनै देशको राष्ट्रपतिले अन्यत्र कतै एउटा सामान्य बैठकमा बोलेको विषयलाई त्यति ठूलो महत्व दिईरहनु पर्छ जस्तो देखिंदैन । तर, ती सम्बोधनहरुको अन्तरवस्तु औपचारिक अर्थमा मात्र सिमित छैन । ती सम्बोधनले विश्व अर्थ-राजनीतिको आगामी दिशालाई आ-आफ्नो ढङ्गले दिशानिर्देश गरेका छन् । यसले विश्वलाई एउटा नयाँ स्थितितिर धकेली रहेको छ । यो छोटो लेख यही विषयको वरीपरी केन्द्रित रहने छ ।

गएको अमेरिकी निर्वाचनमा डोनाल्ड जोन ट्रम्पले अप्रत्यासित जीत हासिल गरेका थिए । उनको गैर-राजनीतिक पृष्ठभूमी, ठाडो एवं आक्रामक प्रस्तुती, पार्टीभित्र आन्तरिक एकताको अभाव र महिलाबारे उनको विवादास्पद छवी आदिका कारण उनले विजय प्राप्त गर्छन् भन्ने प्रायः मानिसलाई लागेको थिएन । विश्व जनमत र संचार जगतको ठूलो हिस्सा उनका विरुद्धमा थियो । उनले मूख्यतः दुईबटा विषयलाई आफ्नो निर्वाचन प्रचारको मुद्दा बनाएका थिए । पहिलो थियो "अमेरिकालाई पुनः महान् बनाउ" भन्ने नारा र दोस्रो थियो नवउदारवाद र भूमण्डलीकरणको चर्को विरोध । उनको पहिलो नाराले जातीय अहंकारवादी अमेरिकी गोराहरुको अन्धराष्ट्रवादी तप्कालाई आकर्षित गर्न सफल भयो भने दोस्रो मुद्दाबाट साम्राज्यवादको नव-उदारवादी विचार र भूमण्डलीकरणद्वारा पीडित मजदुरहरुले थोरै भए पनि राहत पाउने अपेक्षा गरे । उनको विजयका पछाडिका मूख्य आधारहरु यी नै थिए ।

ट्रम्पले आफ्नो सपथ ग्रहण समारोहको संबोधनका क्रममा यी र यस्तै विषयलाई पुनः जोडदिएर उठाएका छन् । उनले आफ्नो भाषणमा भनेका छन्, "गएका दशकहरुमा, हामीले अमेरिकी उद्योगहरुको मूल्यमा विदेशी उद्योगहरुलाई धनी बनाएका छौं, हाम्रै देशको सेनाको क्षमतालाई कमजोर बनाएर अन्य देशका सेनालाई आर्थिक सहायता दिएका छौं, हामीले आफ्नो सिमालाई बेवास्ता गर्दै अन्य देशका सिमाको रक्षा गरेका छौ, हामीले समूद्रपारका मुलुकहरुमा खरवौं डलर खर्चगरेका छौं, जव कि अमेरिकाका भौतिक पूर्वाधारहरु जीर्ण भएर सकिंदै छन् ।" उनले अर्को ठाउंमा भनेका छन्, "आजका दिनबाट हाम्रो देशलाई नयाँ विचारले शासन गर्ने छ । ... ... व्यापार, कर, आप्रवासन तथा विदेश मामिलाका सम्बन्धमा गरिने सबै निर्णयहरु अमेरिकी मजदुरहरु र अमेरिकी परिवारलाई फाईदा हुने गरी गरिने छन् । हाम्रा कम्पनीलाई चोरेर र हाम्रा रोजगारीलाई सिध्याएर हाम्रो उत्पादनलाई ध्वस्त पारिएको छ, यसको हामीले रक्षा गर्नु पर्दछ । रक्षाले नै महान समृद्धि र सामर्थ्यको बाटो खोल्ने छ ।"

अर्को ठाउंमा उनले भनेका छन्, "हामीले दुईबटा नियम पालन गरौं - अमेरिकी सामान किनौं, अमेरिकी सामान भाडामा लिऔं । हामीले, विश्वका अन्य राष्ट्रहरुसंग मित्रता र सद्भावको चाहना राख्ने छौ । तर त्यो हामीले आफ्नो हितलाई प्राथमिक स्थानमा राख्ने सबै राष्ट्रको अधिकार हुनेछ भन्ने मान्यताका आधारमा गर्ने छौ ।" अन्तमा उनले आफ्नो संबोधनलाई "हामीले अमेरिकालाई फेरी बलियो बनाउने छौं, हामीले अमेरिकालाई फेरी सम्पन्नशाली बनाउने छौं, हामीले अमेरिकालाई फेरी स्वाभिमानी बनाउने छौं, हामीले अमेरिकालाई फेरी सुरक्षित बनाउने छौं, हामीले अमेरिकालाई फेरी महान बनाउने छौं" भनेर टुंग्याएका छन् । ट्रम्पका यी विचारहरु र भाषणमा व्यक्त उनका अन्य भनाईहरुले अहिलेको विश्व परि स्थितिमा विशेष अर्थ राख्दछ । अमेरिकालाई पुनः महान् बनाउनका निम्ति उनले आफ्नो संबोधनमा वारंवार राष्ट्रिय एकताको कुरा उठाएका छन् । त्यो एकता बुर्जुवा अन्ध-राष्ट्रवादमा आधारित छ र त्यसमा फासीवादको नमीठो गन्ध आउंछ । अर्कोतिर, उनले नव-उदारवादको उच्चारण नगरी संरक्षणवादको सिधा वकालत गरेर आफुलाई नवउदारवाद र भूमण्डलीकरण विरुद्धमा उभ्याएका छन् ।

अर्कोतिर, चिनियाँ राष्ट्रपति सि जिङ्ग पिङ्गले नवउदारवाद र आर्थिक भूमण्डलीकरणको पक्षमा बलियो वकालत गरेका छन् । डेभोस बैठकमा गरेको सम्बोधन भाषणमा उनले भनेका छन्, "यो साँचो हो कि आर्थिक भूमण्डलीकरणले नयाँ समस्याहरु जन्माएको छ, तर यतिले मात्र आर्थिक भूमण्डलीकरणलाई पूर्णतः खारेजगर्नु पर्दछ भन्ने कुराको पुष्टि हुन सक्दैन । बरु हामीले आर्थिक भूमण्डलीकरणलाई परिस्थिति अनुकुल बनाउनु पर्दछ, यसका नकारात्मक असरलाई कमगर्नु पर्दछ र यसका उपलब्धीलाई सबै देश तथा राष्ट्रहरुसम्म पुऱ्याउनु पर्दछ ।" उनले भूमण्डलीकरणका सामु मूख्यतः तीनवटा समस्या रहेको उल्लेख गरेका छन् । ती हुन् - "पहिलो, भूमण्डलीय आर्थिक बृद्धिका लागि आवश्यक बलियो चालक शक्तिको अभावले विश्व अर्थतन्त्रको स्थिर बृद्धिलाई कायम राख्न अप्ठ्यारो भएको छ । ... ... दोस्रो, अपर्याप्त भूमण्डलीय आर्थिक प्रशासनले भूमण्डलीय अर्थतन्त्रमा देखिएका नयाँ विकासलाई परिस्थिति अनुकुल बनाउन गाह्रो भएको छ । ... ... तेस्रो, असमान भूमण्डलीय विकासले सम्बृद्ध जीवन बाँच्ने जनताका अपेक्षालाई संबोधन गर्न मुस्किल भएको छ ।"

*अमेरिकामा ट्रम्पको उदय पश्चात् सामान्यतः विश्वभरी र मूख्यतः युरोपमा बुर्जुवा अन्धराष्ट्रवादको पक्षमा लहर आउने संभावना एकाएक बढेर गएको छ । यसै बीच, फ्रान्सको बुर्जुवा अन्धराष्ट्रवादी संगठन राष्ट्रीय मोर्चाकी प्रमूख मेरिन ले पेनले युरोप भरीका युरोपियन युनियनका विरोधी र त्यो संग असन्तुष्ट रहेका नेताहरुका साथमा बैठक बसी संयुक्त अभियान अगाडि बढाउने पहल गरिसकेकी छन् । बेलायती प्रधानमन्त्री थेरेसा मेले डोनाल्ड ट्रम्पलाई भेटन अमेरिकाको भ्रमण गर्ने मिती समेत तय भैसकेको छ । यसबाट अमेरिका, बेलायत र युरोपका संरक्षणवादीहरुका बीच आउने दिनमा एउटा बलियो अन्धराष्ट्रवादी ध्रुब निर्माण हुने स्पष्ट देखिन्छ ।*



उनले समस्या तेर्स्याएका मात्र होईनन् तीनको समाधान पनि दिएका छन् । उनका समस्या समाधानका उपायहरु यी हुन् - "पहिलो, हामीले उत्पादनका लागि गतिशील र नवीनता उन्मूख मोडेल विकासगर्नु पर्दछ । ... ... हामीले आर्थिक बृद्धि र त्यसको गतिलाई धान्नका लागि आवश्यक क्षेत्र विस्तार गर्न नयाँ नीति तथा उन्नत संरचनागत सुधार गर्नु पर्दछ । हामीले उत्पादन बृद्धिका नयाँ मोडेलहरुको विकास गर्नु पर्दछ र नयाँ औद्योगिक क्रान्ति र अंकीय अर्थतन्त्रबाट फाईदा उठाउनु पर्दछ । ... ... दोस्रो, हामीले खुला र सबैलाई फाईदा हुने खालको मोडेल विकास गर्नका लागि राम्रोसंग समन्वय गरिएको र परस्पर-संबन्धित रहेको दृष्टिकोण अवलम्बन गर्नु पर्दछ । ... ... तेस्रो, हामीले समयको प्रवृत्ति संग मेलखाने गरी स्वच्छ र न्यायोचित प्रशासनको विकास गर्नु पर्दछ ।" यसरी चिनियाँ राष्ट्रपति सी जिङ्ग पिङ्गले नवउदारवादी नीति र आर्थिक भूमण्डलीकरणको समर्थन मात्र गरेका छैनन् बरु त्यसलाई समयानुकुल विकास गरेर विश्वभरी आफ्नो एकलौटी आर्थिक साम्राज्य निर्माण गर्ने अभियानमा पनि लागेका छन् ।

वितेका करीव ६ दशकदेखि साम्राज्यवादी विश्व व्यवस्थाको नाईके बनेर आएको अमेरिकाका राष्ट्रपति र पछिल्लो चरणमा त्यही अमेरिका संग बलियो प्रतिस्पर्धा गर्दै आएको चीनका राष्ट्रपति दुई विपरित ध्रुवमा देखिने परिघटना सामान्य राजनीतिक संयोग मात्र होईन । सारमा अमेरिका र चीन दुबैको उद्देश्य विश्व बजार कब्जा गर्ने नै हो, यसमा कुनै शंका छैन । तर, चीनको बढ्दो व्यापारिक वर्चश्वलाई नियन्त्रण गर्न र अन्य मूलुकहरुमा आफ्नो खस्केको आधिपत्यलाई पुनस्थापित गर्न ट्रम्पले संरक्षणवादी नीतिका आधारमा अगाडि बढ्न आवश्यक देखेका छन् भने सि जिङ्ग पिङ्गलाई नवउदारवाद र भूमणलीकरण कै आडमा आफ्नो वर्चश्व कायम गर्न सकिन्छ भन्नेमा विश्वास छ । यसरी अमेरिका र चीन दुई ध्रुवमा उभिएका छन् । यसले आजसम्म बहुध्रुवमा विभाजित देखिएको साम्राज्यवादी विश्व ट्रम्पको उदय पछि दुई ध्रुवमा ध्रुविकृत हुदै जाने संकेत गरेको छ । यो ध्रुवीकरणको वैचारिक आधार संरक्षणवाद र नवउदारवाद हुने स्पष्ट देखिन्छ ।

समान्यतः साम्राज्यवादको नवउदारवादी नीतका कारणले र विशेषतः २००८ देखि सुरुभएको भयानक आर्थिक संकटले विश्वभर संरक्षणवादका पक्षमा जनमत निर्माण गर्दै लगेको थियो । त्यो सबै भन्दा पहिला संगठित र व्यवस्थित रुपमा बेलायतमा व्यक्त भयो । त्यहाँका प्रमूख राजनीतिक पार्टीहरु आफैभित्र विभाजित भए, कन्जर्भेटिक पार्टी खुलेर ब्रेक्सिट (युरोपियन युनियनबाट बेलायत बाहिरिने प्रक्रिया)को पक्षमा उभियो र बेलायती मजदुरहरुको ठूलो हिस्साले ब्रेक्सिटको पक्षमा मतदान गऱ्यो । यो वस्तुतः विश्वभरी कै नवउदारवादीहरुका लागि अनपेक्षित राजनीतिक प्रहार थियो । त्यसमाथि अहिले आएर अमेरिकी राष्ट्रपती डोनाल्ड ट्रम्प संरक्षणवादको पक्षमा उभिएका छन र उनले ब्रेक्सिटलाई महान् कार्य भनेर त्यसको उच्च प्रशंसा समेत गरिसकेका छन् । यतिमात्र होईन ट्रम्पले युरोपियन युनियनलाई जर्मनीको हतियार बनेको बताएर युरोपका देशहरुले युरोपियन युनियन छाडनु पर्ने आह्वान गरेका छन् । यसबाट युरोप तरंगित भएको छ । जर्मनीकी चान्सलर मर्केलले हामी युरोपियनहरुको भाग्य हाम्रो आफ्नै हातमा छ भनेर यसको जवाफ दिएकी छन् । फ्रान्सका राष्ट्रपति होल्याण्डेले युरोपले के गर्नु पर्छ भनेर हामीलाई कसैले सल्लाह दिइराख्नु पर्दैन भन्ने ठाडो जवाफ फर्काएका छन् ।

अर्कोतिर, अमेरिकामा ट्रम्पको उदय पश्चात् सामान्यतः विश्वभरी र मूख्यतः युरोपमा बुर्जुवा अन्धराष्ट्रवादको पक्षमा लहर आउने संभावना एकाएक बढेर गएको छ । यसै बीच, फ्रान्सको बुर्जुवा अन्धराष्ट्रवादी संगठन राष्ट्रीय मोर्चाकी प्रमूख मेरिन ले पेनले युरोप भरीका युरोपियन युनियनका विरोधी र त्यो संग असन्तुष्ट रहेका नेताहरुका साथमा बैठक बसी संयुक्त अभियान अगाडि बढाउने पहल गरिसकेकी छन् । बेलायती प्रधानमन्त्री थेरेसा मेले डोनाल्ड ट्रम्पलाई भेटन अमेरिकाको भ्रमण गर्ने मिती समेत तय भैसकेको छ । यसबाट अमेरिका, बेलायत र युरोपका संरक्षणवादीहरुका बीच आउने दिनमा एउटा बलियो अन्धराष्ट्रवादी ध्रुब निर्माण हुने स्पष्ट देखिन्छ । निर्वाचनको प्रक्रियादेखि नै ट्रम्पले रुसी राष्ट्रपति पुटिनसंग सहकार्य गर्न खोजेको विषय पनि यही कडीसंग जोडिएको छ भन्ने बिर्सनु हुदैन ।

ट्रम्पले यो भन्दा अगाडीका सरकारले गरेका व्यापारिक संभ्मौताहरु खारेज गर्न सुरु गरिसकेका छन् । ओवामाले २०१०मा एशिया प्यासिफिक क्षेत्रका १२वटा राष्ट्रका बीचमा गरेको ट्रान्स एटलान्टिक पार्टनरसिप (तएए) नामको व्यापारिक संभ्मौता खारेज भैसकेको छ । खारेजीको आउने सूचीमा उनले अमेरिका, मेक्सिको र क्यानाडाका बीचमा भएको उत्तर अमेरिकी स्वतन्त्र व्यापार संभ्मौता (ल्बँत्ब) लाई राखेका छन् । ट्रम्पले अमेरिका र मेक्सिकोका बीचमा पर्खाल लगाउने घोषणा गरेपछि मेक्सिकोका राष्ट्रपति ईन्रिक पेना निएटोले गर्ने भनेको अमेरिकी भ्रमण रद्द भएको छ । नयाँ सन्धीहरु गरेर व्यापारमा एकाधिकार कायम गर्न "अमेरिकालाई फेरी महान बनाउ" भन्ने ट्रम्पले नयाँ अभियानको जुन थालनी गरेका छन् त्यसले स्वभावतः नयाँ-नयाँ अन्तरविरोधहरु जन्माउने छ र यसले अमेरिका समर्थक मात्र होइन अमेरिका विरोधी ध्रुवीकरणको प्रक्रियालाई पनि तीव्र बनाउने कुरा निश्चित छ । यो लेख प्रकासित हुने दिन सम्म अरु नयाँ-नयाँ निर्णयहरु हुने देखिन्छ । जे होस, ट्रम्प आफ्नो अभियानमा अगाडि बढ्न दृढ छन् ।

अमेरिका र चीनका बीचको अन्तरविरोध यो भन्दा अगाडि नै सतहमा आईसकेको थियो । अमेरिकामा ट्रम्पको उदय पछि त्यो अन्तरविरोध संरक्षणवाद र नवउदारवादका बीचको अन्तरविरोधका रुपमा विकास भएको छ । यसको सबैभन्दा नराम्रो धक्का चीन र अमेरिकाका बीचको व्यापारले बेहोर्ने कुरा निश्चित छ । सपथ ग्रहणको बेला आफ्नो भाषणमा केही नबोले पनि चीनिया सामान माथि अमेरिकाले ४५ प्रतिशत कर लगाउने छ भन्ने उदघोष ट्रम्पले निर्वाचनको बेलामा नै गरिसकेका थिए । डेभोसको मिटिङ्गलाई गरेको सम्बोधनमा सि जिङ्ग पिङ्गले "व्यापार युद्धमा कोही पनि विजयी हुने छैन" भनेर ट्रम्पलाई कुटनीतिक जवाफ दिएका थिए । गत जनवरी १८का दिन प्रकासित ग्लोवल टाइम्स नामक चिनियाँ अनलाईन पत्रिकाको सम्पादकीयले चीनको धारणा अभिव्यक्त गरेको छ । उक्त सम्पादकीयले लेखेको छ "... व्यापार युद्धका बेला चीन चुप लागेर बस्ने छैन । यदि ट्रम्प प्रशासनले चीनिया सामान माथि सजाय सरहको (उगलष्तष्खभ) भंसार शुल्क लगाउंछ भने चीनले त्यसको बदला लिन हिचकिचाउने छैन । प्रतिकार गर्ने चीनको क्षमतालाई घमण्डी ट्रम्पको टिमले अबमूल्यन गरेको छ ।" कम बोल्ने तर धेरै काम गर्ने चिनियाँहरुबाट यति प्रतिक्रिया आउनुलाई सामान्य मात्र ठान्नु हुँदैन ।

अमेरिका र चीनका बीचमा यो भन्दा अगाडि पनि अन्तरविरोधहरु थिए । मूख्यतः साउथ चाईना सीका कारण ती दुई देशका बीच पैदा भएको अन्तरविरोध युद्धको स्तरसम्म विकसित हुन सक्ने आंकलन विगतमा पनि नभएको होईन । त्यो अन्तरविरोध समाधान भएको छैन । अहिले अमेरिकामा भएको ट्रम्पको उदय, उनको अमेरिकालाई एक नंबर बनाउने अभियान तथा उनको संरक्षणबादी नीतिका कारण अमेरिका तथा चीनका बीचको अन्तरविरोध पहिलेको निरन्तरतामा मात्र छैन, गुणात्मक ढङ्गले विकास हुँदै गएको छ । यही मंगलबार चाईनाले अमेरिकालाई साउथ चाईना सीका बारे होस पुऱ्याएर बोल भनेर अमेरिकालाई धम्क्याएको छ । त्यसमाथि निक्सनको समयदेखि अमेरिकाले लिएको एक चीनको नीतिलाई डोनाल्ड ट्रम्पले छलफलगर्नु पर्ने विषय बताएका छन् । यो सबैले आउने दिनहरुमा अमेरिका र चीनका बीचको अन्तरविरोध असामान्य ढङ्गले चर्किंदै जाने देखिन्छ ।

अहिलेको भूमण्डलीकृत युगमा विश्वका १ नंबर र २ नंबरका अति महाशक्तिहरुका बीचको यो असामान्य द्वन्द्व तिनीहरुका बीचमा मात्र सिमित रहने छैन । त्यसले विश्वमा नयाँ ध्रुविकरण ल्याउने कुरा निश्चित छ । कुन देश कुन ध्रुवतिर लाग्ने हुन् त्यो त भोली थाह हुंदै जाला, तर यसका सँकेतहरु भने देखिन थालिसकेका छन् । यसले आउने दिनमा विश्वको अन्तर-साम्राज्यवादी अन्तरविरोधले गुणात्मक छलाङ्ग हानेर प्रधान अन्तरविरोध बन्न जाने र त्यसले विश्वयुद्धको स्तरमा फड्का मार्न सक्ने संभावना एकाएक बढेर गएको छ । ट्रम्प जस्ता अन्धराष्ट्रवादी, हठी र त्यस माथि राजनीतिक पृष्ठभूमी नभएका नेता यो अन्तरविरोधमा एउटा प्रमूख पात्र भएको कारणले पनि विश्वभर अमेरिकी फासिवादी हस्तक्षेप बढेर जाने र त्यसले तेस्रो विश्व युद्धलाई अझ नजिक्याउने खतरा बढेको हो ।

यो साम्राज्यवाद र सर्बहारा क्रान्तिको युग हो । सर्बहारा क्रान्तिका लागि अहिले क्रान्तिकारी कम्युनिस्टहरुको आत्मगत स्थिति कमजोर छ, तर वस्तुगत परिस्थिति भने अनुकुल बन्दै गैरहेको छ । विश्वका अतिमहाशक्तिहरु अमेरिका र चीनका बीचमा यति बेला अन्तरविरोध चर्केको छ, विश्व युद्धको संभावना बढेको छ । प्रतिक्रियावादीहरुका बीचको अन्तरविरोध चर्किनु क्रान्तिका लागि राम्रो कुरा हो । यो स्थितिमा सचेत प्रयत्नको बलमा आत्मगत शक्तिको निर्माण गर्नु, संभावित विश्व युद्धका विरुद्धमा जनमत तयार पार्नु र क्रान्तिकारी आन्दोलनको विकासमा जोडदिनु नै हाम्रो पार्टी लगायत विश्वभरीका सबै क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुको एकमात्र काम हुनु पर्दछ । क्रान्तिको विकासले नै विश्वयुद्धलाई रोक्न संक्छ अथवा विश्वयुद्ध भै हाले छ भने पनि पछि त्यसलाई क्रान्तिमा बदल्न सकिने संभावना रहन्छ । तसर्थ क्रान्ति नै अहिलेको एक मात्र उपाय हो र अहिलेको मूल प्रवृत्ति पनि हो ।

माघ १३, २०७३

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# स्रष्टा र सिर्जना बीचको अन्तरसम्बन्ध

कुनै साहित्यिक कृति पढ्दा र त्यसको समीक्षा वा समालोचना गर्दा कृतिकारको शारीरिक अवस्था अर्थात् उसको सुन्दरता वा कुरूपताले के कत्तिको प्रभाव पार्छ ? कुनै पाठक, समीक्षकले कृति पढ्दा कृतिमा लेखिएको विषयवस्तुलाई हेर्छ वा कृतिकारको रूपरंग र अनुहारलाई ? यदि कृति राम्रो छ तर कृतिकारको शारीरिक अवस्था, अनुहार असुन्दर छ भने पाठक, समीक्षकले कस्तो टिप्पणी गर्ला ? आदि इत्यादि प्रश्नका बारेमा त्यति छलफल बहस भएको देखिँदैन। श्रष्टाको वाह्यपक्ष र उसको सिर्जनाका बारेमा छलफल बहस वा अन्तरक्रिया गर्नुपर्ने हो कि होइन भन्ने कुरा पनि कसैलाई लाग्न सक्छ। यसबारेमा वस्तुको रूप र सार अर्थात् वस्तुको रूप र अन्तरवस्तु मध्य कुन प्रधान हो, कुन गौण हो भन्ने विषयमा छलफल गर्नु यो आलेखको उद्देश्य रहेको छ।

मलाई एकजना साहित्यकार मित्रले प्रश्न गर्नुभयो- 'तपाईलाई कुनै साहित्यिक कृति पढ्दा त्यस कृतिको लेखकको शारीरिक सुन्दरता वा कुरूपताले के कत्तिको प्रभाव पार्छ ?' मैले जवाफ दिएँ- 'मैले स्टेफेन हकिंस, निकोलाइ आस्त्रोभ्स्कीदेखि गोर्की र हाम्रै झमक घिमिरेसम्मका कृति पढेको छु र उनीहरूका कृति मलाई मन पर्छ तर मैले उनीहरू कसैलाई पनि भेटेको छैन। अब आफै बुझ्नुस् कि मलाई उनीहरूको कृतिले प्रभाव पार्‍यो वा उनीहरूको शारीरिक बनावटले ?' त्यसपछि ती मित्रले तपाईको आसय बुझें भनेर बताए। मैले कुनै पनि कृति पढ्दा र त्यसको समीक्षा गर्दा श्रष्टाको शारीरिक रूपलाई हेरेर कहिल्यै पनि पढ्दिन सायद अरू कसैले पनि त्यसै गर्छन् होला। बरू कुनै लेखकले साहित्य, कलामा के कस्तो विचार, भाव, शैली पश्केको छ र उसले पस्केको विचार अनुरूपको आचरण स्वयम्ले आत्मसात गरेको छ कि छैन भनेर भने हेर्ने गरिन्छ। साहित्यमा निकै राम्रो उपदेश दिने तर आफैले त्यो लागू नगर्ने हो भने त्यस्ता श्रष्टाहरूलाई ढोंगी वा अवसरवादी भन्न सकिन्छ। त्यस्ता आडम्वरी श्रष्टाप्रति आम पाठकको धारणा त्यति राम्रो भएको मैले देख्ने गरेको छैन। लेखकको अनुहार जे जति सुन्दर भए पनि उसले समाजलाई काम लाग्ने सुन्दर कृति लेखेको छैन, केवल सस्तो मनोरञ्जन दिने वा अझ समाजलाई भाँड्ने युवायुवतीहरूलाई छाडा र उत्तेजक व्यवहारमा लाग्न उत्प्रेरित गर्ने खालको रचना दिएको छ भने त्यस्ता कृति राम्रो मानिँदैन। त्यस्ता कृति कलाका हिसाबले जतिसुकै राम्रा भए पनि त्यसले दिने सामाजिक सन्देश गलत नै हुन्छन्। त्यसैले यस विषयमा चर्चा गर्दा हामीले कुनै पनि वस्तुको रूप र सार, सुन्दर र असुन्दर आदिका बारेमा चर्चा गर्नु जरुरी हुन्छ।

मानव निर्मित वस्तुको सुन्दरता वा असुन्दरताको चर्चा गर्दा त्यस्ता वस्तुको अन्तरवस्तुले प्रभाव पारेको हुन्छ। जस्तो कि भोकले तड्पिएको मानिसलाई बासी नै भए पनि ढिंडो मिठो वा सुन्दर लाग्छ त्यतिबेला उसका अगाडि अति सुन्दर मुर्ति वा खेलौना वा कपडा छ भने पनि त्यसले भोको मानिसको ध्यान आकर्षण गर्न सक्दैन। यो कुरा प्रकृति र मानवबीचको अन्तरसम्बन्धमा पनि लागू हुन्छ। प्रकृतिप्रदत्त वस्तु हिमाल, पहाड, तराई, खोला, नदी, सागर, तालतलैया, वनजंगल, जीवजन्तु पंक्षी जस्तै मानिस स्वयम् पनि प्राकृतिक प्राणी हो। प्रकृतिप्रदत्त वस्तु पनि सुन्दर असुन्दर हुन्छन्। तर ती वस्तुमा रहेको गतिशील पक्षले गर्दा तिनै वस्तु कुनै समयमा सुन्दर र कुनै समयमा असुन्दर देखिन्छन्। त्यसैले वस्तुको सुन्दरता र असुन्दरता समयसापेक्ष हुन्छन्। त्यस्तै मानिसको शारीरिक रूपरंग पनि उसको व्यवहार, विचार, कर्म आदिका आधारमा सुन्दर र असुन्दर लाग्छ।



हिरामणि दुःखी

वस्तुको रूप र अन्तर वस्तु मध्य कुन सुन्दर हो भन्ने विषयमा कलावादी, रूपवादीहरू र मार्क्सवादी-भौतिकवादीहरूका बीचमा विभेद छ। कुनै लेखक, कवि, कलाकार, चित्रकार वा मूर्तिकारहरूले निर्माण गरेका रचना गरेका कृतिहरूको अध्ययन अवलोकन गर्दा पाठक, श्रोता, दर्शकहरूलाई त्यस वस्तुले पहिलो प्रभाव पार्छ। त्यसपछि त्यो पाठक, श्रोता, दर्शकलाई एकपटक स्वयम् त्यो कृतिकारलाई देख्न पाए हुन्थ्यो भन्ने त लाग्छ अवश्य नै। परन्तु, कृतिकारलाई देखिसकेपछि उसको शारीरिक रूपले भन्दा उसमा अन्तरनिहित कला, शीप, विचारले मानिसलाई आकर्षित गर्छ। त्यतिबेला रूपवादीहरूले त्यस व्यक्तिको शारीरिक रूप, हाउभाउ र सुन्दरता प्रति बयान गर्न सक्लान् तर भौतिकवादीहरूले उसको रूपलाई भन्दा उसको विचार, कला र शीपको प्रसंशा गर्न थाल्छन्। किनकि विचार, कला र शीपमा उसको श्रम र पसिना खर्चिएको हुन्छ। त्यसैले मानिसको अन्तरवस्तुलाई सुन्दर बनाउने उसको श्रम र विचारले हो। उसको शारीरिक रूपको सुन्दरता वा कुरूपताले होइन।

रूपवादीहरूले वस्तुको रूपपक्षको चर्चा गर्छन्। रूपलाई प्राथमिकता दिन्छन् रूपवादी पाठक समीक्षकलाई कुनै कृतिको रचनाकारको रूपले प्रभाव पार्न सक्छ परन्तु, त्यो पनि क्षणिक नै हुन्छ। अन्त्यमा उसलाई प्रभाव पार्ने रचनाले नै हो। बरू कृतिको समीक्षा, समालोचना गर्दा त्यस्ता समीक्षकहरूले कृतिमा रहेको विचार पक्ष भन्दा कला पक्षलाई प्राथमिकता दिन्छन्। लेखकको शारीरिक सुन्दरता वा कुरूपताले पाठक समीक्षकहरूलाई पार्ने प्रभाव वा आकर्षण क्षणिक नै हुन्छ। उसको व्यवहार, चालचलन, विचारले नै बढी प्रभाव पार्ने कुरा सही हो। यहाँनेर लेखक र समीक्षकको सम्बन्धले भने बढ्ता तादात्म्यता राख्ने कुरालाई भने इन्कार गर्न सकिदैन। त्यसमा पनि पहिलो प्रभाव लेखक र समीक्षक/पाठक बीचको वर्गीय सम्बन्ध एउटै छ र व्यवहार पनि एउटै छ भने उसको कृति समीक्षामा समीक्षकलाई बढ्ता आकर्षण गर्न सक्छ। कहिलेकाँही लेखक र पाठक/समीक्षकका बीच वैचारिक भिन्नता छ भने पनि कृतिमा लेखकले विचारलाई सुन्दर भाव, शैली, कलामा पश्किएको छ भने त्यसले पनि आकर्षण ल्याउन सक्छ। यो कुरा सत्य हो तर लेखकको शारीरिक सुन्दरताले खासै फरक पार्दैन।

यदि लेखकको शारीरिक सुन्दरता वा कुरूपतालाई पाठक, समीक्षकले बढी महत्व दिन्थ्यो भने स्टेफेन हकिंसको विचार, कृतिलाई कसैले मन पराउँदैनथ्यो होला। निकोलाई आस्त्रोभ्स्कीदेखि हाम्रै पारिजातसम्मका कृति खोजी खोजी पढ्ने पाठक भेटिँदैनथे। झमककुमारीलाई नै पनि बढ्ता महत्व दिएर गोविन्दराज भट्टराईहरूले बाहिर ल्याउँदैनथे होला। आजका थुप्रै पाठक समीक्षकहरूले झमककुमारीको शारीरिक अवस्थालाई नभएर उनले पश्किएको कृतिको सुन्दरतालाई महत्व दिएका छन्। उनले पाएको मदन पुरस्कार उनको अनुहार र शारीरिक रूपले नभएर उनको कृति 'जीवन काँडा कि फुल' मा अभिव्यक्त रचना शिल्पताले हो।

प्रकृति, मानवसमाज र सामाजिक चेतनामा सुन्दर र असुन्दरलाई हेर्ने अधिभूतवादी र द्वन्द्ववादी दुई फरक दार्शनिक पद्दति रहेका छन्। अधिभूतवादीहरू रूपवादी र कलावादी हुन्छन्। उनीहरूले वस्तुको सुन्दरता र असुन्दरतालाई ईश्वरीय देनको रूपमा लिन्छन्। उनीहरूले सुन्दरलाई सदैव सुन्दर र कुरूपलाई सदैव कुरूप मात्र देख्दछन्। वास्तविकता त्यस्तो हुँदैन। वस्तु, घटना र प्रकृतिप्रदत्त वस्तु पनि उसको गतिशीलतामा सुन्दर र कुरूप एकापसमा बदलिन्छन्। एकपटक सुन्दर लागेको वस्तु अर्को परिवेशमा असुन्दर लाग्छ। यी सापेक्षित हुन्छन्। त्यस्तै कृति र कृतिकारको सुन्दरता र असुन्दरताको परख गर्ने कसी पनि रचनाकारको विचार, भाव, कला, शील्प आदि तत्वले मानव समाजमा पार्ने सकारात्मक र नकारात्मक प्रभावका आधारमा मूल्याङ्कन गरिन्छ। प्राकृतिक वस्तुको सुन्दरता र असुन्दरता पनि मानिसले उत्पादन सङ्घर्षका क्रममा प्रकृतिको मानवीकरण गर्दा उसले खर्चिएको श्रम, पसिनाका आधारमा हुने गर्छ। तसर्थ सुन्दर र असुन्दर पनि गतिशीलतामा अन्तरनिर्भर रहन्छ।

कुनै पनि वस्तु, घटना, मानवजीवन, प्राणीजगत आदिको वाह्य सुन्दरता र कुरूपताले मानिसको चेतनामा पार्ने प्रभाव सुन्दरको सकार हुन्छ भने कुरूपको नकार पक्ष हुन्छ। सुन्दरताले आकर्षण गर्छ भने कुरूपताले विकर्षण ल्याउँछ। परन्तु जब, यही कुरा श्रष्टा र उसको सिर्जनामा हेर्‍यौं भने कुरूप शारीरिक अवस्था भएका लखेकले सिर्जना गरेको कृति सुन्दर छ भने उसको अुनहारप्रति पाठकले खास महत्व दिँदैन र दिनु हुँदैन। समाजका निम्ति हितकर कृति लेखेको श्रष्टा कुरूप अनुहारको छ भनेर कृतिलाई महत्व दिएनौं भने त्यसले श्रष्टामाथि अन्याय त हुन्छ नै त्यसले समाजलाई पनि अन्याय गर्न पुग्छ। तसर्थ श्रष्टा र सिर्जनालाई परख गर्ने कुरा उसले प्रस्तुत गरेको कृतिको विचार, कला, भाव, शैली, बिम्ब, आदि साहित्यका तत्वहरू हुन्।

## कविता

### मनको भारी

❑ काजी गाउँले

मनको भारी सारङ्गीमा धुन मिसाउदै
पहाड पर्बत कन्दराको भाका सुनाउदै
गाउँ बस्ती डुल्दै घुम्दै चेत जगाउन
आइपुग्यौ हजुरको घर आगन

कलकल बग्ने खोलानाला झरनाको
झङ्कार
पन्छाउदै बिघ्नबाधा तरौला जङ्गार
अन्यायले ढाकिएको पर्दा खुलाउन
आइपुग्यौ हजुरको घर आगन

शून्य भए गाउँ बस्ती बाझै छ खेतबारी
बेरोजगारी युवा पिढी हिड्दैछन भौतारी
आफ्नै पाखोपखेरोमा सुन फलाउन
आइपुग्यौ हजुरको घर आगन

शोषण रहित समुन्नत समाज निर्माण गर्न
जाग उठ नव जवान हो देशको मुहार
फेर्न
भोका नङ्गा निमुखाको आवाज उठाउन
आइपुग्यौ हजुरको घर आगन

### माछा



❑ इन्दिरा अधिकारी

हाम्रा सिमानाहरु सारिदा,
रुन्छन् यहाँ देशभक्ति मन,
भाँचिदा हाम्रा स्तम्भहरु,
रगतै तातेर आउछ झन्।

साम्राज्यको बिज रोप्छन्
सम्झौता र सन्धि गर्दै
देशै खाने दाउमा,
भ्रामरीको जाल बुन्दै।

युगौदेखि लम्कीरहेकैछ
छाँगरु तिङ्कर दार्चुलाको,
भ्रम छर्दै मुहान कालीको
उपभोग गर्ने सोचमा पानीको।

बाटो कोर्दै छोडीदिन्छ
बुनेर पार्ने जालमा,
विचराहाम्रा माछाह,
लम्पसार परि नाच्छन् उनकै तालमा।

विस्तारवादी सुरक्षाकर्मी माछा
पसे दशगजा, रानीभित्र,
पोखरी नै खनेर बसे,
बोकेर हाम्रो महान चित्र।

हाम्रै पोखरी बचाई स्वच्छ बनाउन
यसैको विकास गरी जगाउन,
आफ्नै माछाहरु जाग्नुपर्छ
विस्तारवादी माछा भगाउन।

छिमेकीका गिद्धे नजर हटाउन
सक्नुपर्छ आफै आफ्नो नीति कोर्न
युवामाछाको इच्छाशक्ति जगाई
लड्नु पर्छमिचाहा संस्कार तोड्न।

हाम्रै माछामा छ दम,
सहि बिजन छर्न सके,
आफ्नै पोखरीको विकास गर्न सकिन्छ,
क्रान्तिकारी माछाहरु मिल्न सके।

प्रकृतिले दिएको वरदान
सुके र कहिल्यै नसुक्ने,
दलाली मनस्थिति फाल्न सके,
हस्तक्षेपकारीसँग किन झुक्ने।

एक मुठी साहास रहेसम्म
राष्ट्रिय सम्पदा र सिमाना जोगाउन
लडिरहनु पर्छ एक ढिक्का भई,
हेपाहा प्रवृत्ति हटाउन, भगाउन।

## क्रान्तिकारी माओवादीको ...

सांगामी, प्रविण त्वान्जु, कष्णप्रसाद घेमोसु, कृष्ण प्रसाद व्यान्जु, राम कोजु, सुविर कोजु, केदार प्रजापति, कमल ख्याजु, मोहन कुमार ह्योंगोजु लगायत रहेका छन्। भेलाले नारायणभक्त सुवाल, कान्छा गोसाई, चन्द्रबहादुर प्याठ, न्हुछे बहादुर खोजुलाई उक्त समितिको सल्लाहकारमा चयन गरेको छ।

यता शनिवारै गरेको एक भेलाले कृष्णप्रसाद घेमोसुको संयोजकत्वमा १२ सदस्यीय नेवाः राष्ट्रिय मुक्ति मोर्चा गठन गरेको छ भने प्रवीण त्वान्जुको संयोकत्वमा ७ सदस्यीय क्रान्तिकारी पत्रकार महासंघको भक्तपुर जिल्ला समिति समेत गठन गरेको छ।

अभियानको क्रममा युवा, विध्यार्थी, देजमो लगायत सबै जबस/मोर्चाका कमिटिहरुको निर्माणलाई तीव्र रुपमा अगाडि बढाउने र भक्तपुरमा क्रान्तिकारी माओवादीलाई जनताको घर घरमा पुर्‍याउने लक्ष्य लिएर अभियानमा जुटेको संयोजक श्रीकृष्ण सुलुले बताए।

**अनेमसंघ (क्रान्तिकारी) कोचिला राज्य समिति गठन**

विराटचोक । नेकपा (क्रान्तिकारी माओवादी) निकट महिला संगठन अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को कोचिला राज्य समिति गठन भएको छ। मोरङको विराटचोकमा भएको एक भेलाले पवित्रा चोङबाङकोको संयोजकत्वमा २५ सदस्यीय राज्य समिति गठन भएको हो। पार्टी केन्द्रीय सदस्य तथा अनेमसंघ (क्रान्तिकारी) की संयोजक अम्बिका रेग्मी, क्रान्तिकारी माओवादीका राज्य समितिका इन्चार्ज केदार गुरागाई रत्नलगायको सहभागितामा समिति गठन भएको हो। समितिका सदस्यहरुमा फुलथुंगा खतिवडा, टिका पाठक, सुमित्रा चौधरी, जसोदा राई, सुमित्रा राय, जुली राय, रुक्मिना बजगाई, इन्दिरा खाती, प्रविना राई, रेनुका भट्टराई, कमला खतिवडा, प्रेमिका याख्खा, अमृता लिम्बू, तिर्थ कुमारी वन, ममता राई, मधु राई, सीता तिम्सिना, कल्पना राई, सुनिता बुढाथोकी, ममता मगर, पर्मिला राई, मनकुमारी राना, सावित्रा गिरीलगायत रहेका छन्।

**सप्तरीमा पुलामी**

यसैबीच अनेमसंघ (क्रान्तिकारी) को सप्तरी जिल्ला समिति पनि गठन भएको छ। समितिको संयोजकमा मिना पुरामी तथा सदस्यहरुमा लिला तामाङ, भोलादेवी चौधरी, शर्मिला धौधरी, उर्मिला चौधरी, चन्द्रमाया विक, प्रेमिका थापा मगरलगायत रहेका छन्।

**विभिन्न निर्णय गर्दै किसानको बैठक सम्पन्न**

चितवनमा तीन महिने संगठन सृदृढिकरण तथा जनपरिचालन अभियान सञ्चालन गर्ने सहित केही सांगठनिक निर्णय गर्दै अखिल नेपाल किसान संघ (क्रान्तिकारी) को केन्द्रीय समितिको तेस्रो बैठक सम्पन्न भएको छ।

बैठकमा क्रान्तिकारी माओवादीका अवध राज्य समितिका इन्चार्ज प्रेम सुवेदी, पश्चित ताम्सालिङका इन्चार्ज चन्द्रहरि सुवेदी अटललगायतको सहभागितामा बैठक सम्पन्न भएको हो। बैठकमा किसान संगठनका इन्चार्जसमेत रहेका प्रेम सुवेदीले किसानहरुको अवस्था र मुक्तिबारे तथा चन्द्रहरि सुवेदीले सिद्धान्त र मुक्तिबारे प्रष्ट पारेका थिए।

बैठकले संगठनको केन्द्रीय समितिमा विदुर खरेल, रतिराम थारु, प्रेम थापा, कल्लु थारु, लालबहादुर पुन, नन्दराम रोका र बुद्धि अधिकारीलाई थप गरिएको छ। यसैगरी संगठनबाट केहीलाई कारबाही तथा निस्कासन समेत गरिएको सो संगठनले जनाएको छ। जसअनुसार शिव खनाल, सेसुराम भण्डारी, जमिल अत्तर, देवराज लुइटेल, पितबहादुर यामसी, राजु महर्जन, अर्जुन प्रताप राणा, रामलाल नेमफुकी, पदम गिरी, केदार अधिकारी, विष्णु रेग्मी, नमनारायण घिमिरे, सूर्यबहादुर शाही, विष्णु प्रसाद शर्मा, टनजन हमाल, मिश्रलाल महतो, डिल्लीराज भट्टराई र कमानसिंह लामा रहेका छन्।

बैठकले लिम्बुवानमा मातृका राई, किरातमा शंकर पौडेल, कोचिलामा जयराज आचार्य, मिथिलामा विदुर खरेल, भोजपुरामा दिवाकर न्यौपाने, पूर्वी ताम्सालिङमा ढकप्रसाद न्यौपाने, नेवाः मा धनश्याम दाहाल, पश्चिम ताम्सालिङमा उत्तम सिम्खडा, तमुवानमा बाबुराम सुवेदी, अवधमा लक्ष्मीकान्त पौडेल, थारुवानमा ऋषिराम चौधरी, पश्चिम मगरातमा लालबहादुर पुन, पूर्वी मगरातमा खिलाराज खाती, भेरी कर्णालीमा दिर्घ बहादुर शाही र सेती महाकालीमा जीवन थामीलाई संयोजनको जिम्मा दिएको छ।

यस्तै दुई जनाको कार्यालय, ९ जनाको सचिवालय, ५ जनाको विषयगत कृषि तथा सहकारी विभाग समेत गठन गरिएको छ। आगामी चैत्र १७ गते केन्द्रदेखि जिल्ला सम्म ज्ञापनपत्र दिने, माघ ५ देखि चैत्र २४ सम्म तीन महिले संगठन सुदृढिकरण तथा जनपरिचालन अभियान सञ्चालन गर्ने निर्णय गरेको संयोजक भुमिस्वर कंडेलले जानकारी दिए।

**क्रान्तिकारी पत्रकार महासंघ चितवनद्वारा चरणबद्ध आन्दोलनको घोषणा**

चितवनबाट पत्रकार शंकर सुबेदीले जनाएअनुसार नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी पत्रकार महासंघ चितवनले महासंघको सदस्यता सुद्धिकरणको माग गर्दै चरणबद्ध आन्दोलन गर्ने निणर्य गरेको छ। क्रान्तिकारी पत्रकार महासंघ जिल्ला समितिको नारायणगढमा शनिबार सम्पन्न विशेष भेला तथा प्रशिक्षण कार्यक्रमबाट यस्तो निर्णय गरेको हो। पत्रकार महासंघ चितवनले जिल्लामा क्रियाशील पत्रकारलाई सदस्यता नदिएको, गैर पत्रकार, विगत लामो समयदेखि पत्रकारितामा निष्क्रिय व्यक्तिहरुलाई सदस्यता नविकरण गरेको, पत्रकारिता पेशा छोडेर विदेश पलायन भएका पत्रकारको सदस्यता खारेज नगरेको कारण क्रान्तिकारी पत्रकार महासंघ आन्दोलनमा जानुको विकल्प नरहेको निष्कष निकालेको छ।

क्रान्तिकारी पत्रकार महासंघले चितवन पत्रकार महासंघलाई सदस्यता शुदृढिकरण गर्न यसअघि नै ज्ञापन पत्र बुझाए पनि त्यसको कुनै सुनुवाइ नभए पछि भेलाले आन्दोलनमा जाने निर्णय गरेको हो। भेलाले पत्रकारिता पेशामा सक्रिय तर पत्रकार महासंघले सदस्यता नदिएका पत्रकारहरुलाई समेत आन्दोलमा सहभागी हुन आग्रह गरेको छ। क्रान्तिकारी पत्रकार महासंघ जिल्ला अध्यक्ष सुर्य बरालको अध्यक्षतामा सम्पन्न भेलामा केन्द्रिय सचिव रामकुमार श्रेष्ठ, केन्द्रिय सदस्य शंकरप्रसाद सुबेदी, नेकपा ( क्रान्तिकारी माओवादी) का केन्द्रीय सल्लाहकार भुमिश्वर कँडेल, महासंघका जिल्ला सचिव सरोज उपरकोटी, कोषाध्यक्ष प्रेम कँडेल लगायतले मन्तब्य राखेका थिए।

**देजमो सम्पर्क मञ्चको बैठक सम्पन्न**

जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्च केन्द्रीय समितिको बैठक ललितपुरको कुपण्डोलमा शनिबार सम्पन्न भएको छ। नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सचिवालय सदस्य तथा नेवा राज्य समन्वय समितिका संयोजक दिनेश शर्मा 'सागर'को उपस्थिति र मञ्चका संयोजक हरिकृष्ण गजुरेलको अध्यक्षतामा बसेको बैठकले पार्टीको तीन महिने अभियानलाई सफल पार्न दृढताका साथ अघि बढ्ने निर्णय गरेको छ। बैठकले ७२ वटै जिल्लाबाट काठमाडौं उपत्यकामा आएर विभिन्न पेशा व्यवसायमा आवद्ध भई अस्थायी वा स्थायी रुपमा बसोबास गरिरहेकाहरुलाई संगठित गरी परिचालन गर्ने निर्णय गरेको छ।

**क्रान्तिकारी पत्रकार महासंघ भक्तपुरको संयोजकमा प्रवीण त्वान्जु**

क्रान्तिकारी पत्रकार महासंघ भक्तपुरको एक भेलाले जिल्ला संयोजकमा पत्रकार प्रवीण त्वान्जुलाई चयन गरेको छ। शनिबार दिउसो भएको उक्त भेलाले सदस्यहरुमा कृष्णप्रसाद भ्यावन्जु, रती दुवाल, कृष्णप्रसाद घेमसु, विष्णुप्रसाद न्हिसुतु, हिरण्यप्रताप सांगामी र रामप्रसाद खाताखोरलाई चयन गरेको छ।

क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, सल्लाहकार राजेन्द्र रंजित र नेकपा (क्रान्तिकारी माओवादी) भक्तपुरका संयोजक श्रीकृष्ण सुलुको उपस्थितिमा भएको भेलाले महासंघको सात सदस्यीय जिल्ला समिति गठन गरेको हो।

**क्रान्तिकारी पत्रकार महासंघ ललितपुरको संयोजकमा दामोदर खनाल**

क्रान्तिकारी पत्रकार महासंघ ललितपुरको भेलाले जिल्ला संयोजकमा पत्रकार दामोदर खनाललाई चुनेको छ। ललितपुरको कुपण्डोलमा शनिबार विहान भएको भेलाले खनालको संयोजकत्वमा २१ सदस्यीय सम्मेलन आयोजक समिति गठन गरेको हो। भेलाले चुनेका जिल्ला कार्यसमिति सदस्यहरुमा रनसुर महतरा, विणुविकिरण आले, प्रकाश भण्डारी, ठमानसिंह तामाङ, सेरसिंह, गिता लामा, कोपिला थापा, जयन्ती महर्जन, अनित पाण्डे, सुरेश महर्जन, विवेक महर्जन, इश्वरी गुरागाईं, ज्ञानु खतिवडा, कुमार भट्टराई, निरन्जन श्रेष्ठ, सुविन महर्जन, विनोद रञ्जितलगायत रहेका छन्।

भेलामा क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय अध्यक्ष इन्द्र राउत, उपाध्यक्ष नारायण पंगेनी, महासंघका केन्द्रीय सल्लाहकारहरु गोर्की श्रेष्ठ, राजेन्द्र रंजित, नेकपा (क्रान्तिकारी माओवादी)का ललितपुर सहइन्चार्ज गोविन्द पौडेल र संयोजक श्याम केसीको उपस्थिति रहेको थियो।

**क्रान्तिकारी पत्रकार महासंघ काठमाडौंको संयोजकमा रामचन्द्र हुमागाईं**

शुक्रबार गरिएको एक भेलाले क्रान्तिकारी पत्रकार महासंघको काठमाडौं जिल्ला समिति गठन गरेको छ। भेलाले बरिष्ठ पत्रकार रामचन्द्र हुमागाईंको संयोजकत्वमा २१ सदस्यीय जिल्ला समिति गठन गरेको जनाएको छ। भेलाले सचिवमा युवा पत्रकार विधुर ढकाललाई चयन गरेको छ भने सदस्यहरुमा जय दाहाल, भागवतनरसिंह प्रधान, दर्शन गदाल, प्रतीक सिंग्देल, गोपालदास श्रेष्ठ, सानुकाजी महर्जन, बालकष्ण गैरे, रिदेन महर्जन, तिर्थमान महर्जन, इन्द्रमान महर्जन, प्रकाश भण्डारी, युवराज अर्याल, श्याम कार्की, छत्रबहादुर रोकाया, सुमन खड्का, सागर श्रेष्ठ, हेमन्तजंग मोक्तान, विनिता गुरुङ, सरोज डंगोल चुनिएका छन्। हुमागाईं नेपालभूमि साप्ताहिकका प्रधान सम्पादक हुन् भने ढकाल हलकारो डटकमका सम्पादक र राजधानी दैनिकको अर्थराजनीतिक बिटमा कार्यरत छन्।

भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का नेता तथा झिंगु स्वनिग दैनिकका प्रकाशक पवनमान श्रेष्ठ, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, महासचिव केशरमणि कटुवाल, कार्यालय सदस्यत तथा नेवा राज्य संयाजक सचिरनन्द महर्जनको उपस्थिति रहेको थियो।

भेला लगत्तै नवगठित ... बाँकी ७ पेजमा

## एअर मार्सल ...

यति भएर पनि प्रचण्डको सरकार रहिरहन्छ भन्ने कुरा होइन। भारतीय विस्तारवादी सत्ताले कुनै एउटा शक्तिलाई मात्र समर्थन गर्दैन। उसले नेपालका विभिन्न राजनीतिक दलहरु र शक्ति केन्द्रहरु बिचको अन्तर्विरोधलाई आफ्नो पक्षमा प्रयोग गर्दछ। एउटालाई प्रयोग गरेर आफ्नो विस्तारवादी स्वार्थ पूरा गर्दछ अनि अर्कोलाई अगाडि बढाउँछ र त्यसबाट बाँकी रहेका अन्य स्वार्थहरु पूरा गराउन कोशिस गर्दछ। २०१७ सालमा राजालाई समर्थन गरेर काँग्रेसलाई हटायो। नेपालमा राजाहरुबाट पनि उसले थुप्रै असमान सन्धी सम्झौताहरु गरायो। राजाहरुबाट भन्दा अरुहरुबाट आफ्नो विस्तारवादी स्वार्थ पूरा गराउने सम्भावनाहरु देखेपछि उसले राजालाई पनि छोड्यो। उसको यो नीति विगतदेखि चल्दै आएको छ र भविष्यमा पनि चल्नेछ। त्यसकारण प्रचण्डबाट आफ्ना स्वार्थहरु पूरा गराएपछि अर्को शक्तिलाई अगाडि बढाउने छ। यसकारण प्रचण्ड सरकारको आयु रहिरहन्छ भन्न सकिन्न।

आज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय हवाई सुरक्षा बल राख्ने जुन सम्झौता भयो त्यसलाई कसैले पनि सही सम्झौता भयो भनेर भन्न सकेका छैनन्। विभिन्न क्षेत्रबाट सरकारलाई यो विषयमा सत्य तथ्य के हो? सार्वजनिक गर भनेर माग गरिरहेका छन् तर स्वयम् सरकारले प्रष्ट कुरा बाहिर ल्याउन सकेको छैन्। संसदमा त स्वयम् सरकारमा रहेका पार्टीका संसदहरु पनि यो सम्झौताको विरोधमा बोलेको पाइयो। तर प्रश्न के हो भने संसदमा यो सम्झौताको विरोधमा बाल्ने संसदहरु साच्चै विरोधमा बोलेको हुन वा नाटक गरेका छन्? त्यो हेर्न बाँकी नै छ भविष्यले बताउँछ। यहाँ नेपालमा राष्ट्रियताको विपरित गरिने सन्धी सम्झौताको विरोधमा बोल्ने नाटक पनि गरेको पाइन्छ। पाकेटमारको ग्याङको एउटा सदस्य जब एउटा इमान्दार व्यक्तिबाट रँगेहात समातिन्छ त्यसबेला इमान्दार मानिसहरु त्यो पाकेटमारका विरुद्ध खनिन्छन्। त्यस बेला त्यो रँगेहात पक्रिने पाकेटमारको साथीहरुले तुरुन्तै ठाउँ ठाउँमा नाटक गरिहाल्छन्। उनीहरुले (पाकेटमार साथीहरुले) आफ्नै साथी पाकेटमारलाई कुट्न पहल गर्दछन्। उनीहरुको पहल यति छिटो हुन्छ कि इमान्दार मान्छेहरुले भन्दा पाकेटमारको साथीहरुले पिटेको, गाली गरेको नाटक गर्दछन् र उनीहरुले आफ्नो साथीलाई बेसरी कुटेको नाटक गर्दै इमान्दार मानिसहरुको समूहबाट बाहिर ल्याउछन र कुटेको नाटक गर्दै अलि पर लगेर भगाउँछन्। त्यो पाकेटमार इमान्दार मानिसहरुको पिटाइबाट जोगिन्छ, जोगाईन्छ। नेपालको राजनीतिमा पनि यस्तै प्रकारको नाटक हुने गर्दछन्। उदाहरणको रुपमा लिउ सरकारले इन्धनको भाउ बढाउँछ। बहुदलीय व्यवस्थामा दलीय सरकार नै हुन्छ। अनि सरकारले इन्धनको भाउ बढाउनु भनेको पार्टीले नै इन्धनको भाउ बढाउनु हो। इन्धनको भाउ बढाएकोमा जनताबाट आउने आक्रोशलाई मन्थर गर्न त्यहि पार्टीले नाटक गर्दछ। त्यो नाटक उनको आफ्नै भातृ संगठन विद्यार्थी, मजदुर वा युवा संगठनहरुलाई लगाएर आन्दोलन गर्न लगाउँछ। इन्धनको भाउ बढेकोमा विद्यार्थी संगठनले आन्दोलनको घोषणा गर्दछ, टायर बाल्छ, जुलुस निकाल्छ, बन्दको आव्हान गर्छ आदि आदि। जब इन्धनको भाउ बढाएकोमा जनताको आक्रोश मत्थर हुँदै जान्छ तव ती जनसंगठनहरुका नेताहरुले आन्दोलन स्थगन गर्दछन् र मञ्चबाट फेरि कुर्लन थाल्छन् हाम्रो महान गौरवशाली पार्टी फलानो भनेर। जनताको हित विपरित काम गर्ने पार्टी पनि गौरवशाली र महान पार्टी हुन्छ? यस प्रकारको नाटक मञ्चन नेपालमा धेरै पटक भइसकेको छ र हुँदै पनि छ। यसको अर्थ सबै त्यस्तै हुन्छन भनेको पनि होइन केहि इमान्दार पूर्वक विरोधमा पनि आएका हुन्छन्। त्यस्ता इमान्दार व्यक्तिहरुले विस्तारवाद र साम्राज्यवादको दलाली गर्ने पाटोलाई परित्याग गर्दछन्। अहिले संसदमा त्रिभुवन विमान स्थलमा एयरमार्शल राख्ने सम्झौताको विरोध गर्ने संसदहरुले बोलेको कुरा नाटक हो कि साँच्चिकै हो भन्ने कुरा भविष्यमा प्रस्ट हुने छ।

घटनाक्रमले यति प्रष्ट पारिसकेको छ कि नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र र राप्रपा पार्टीका नेताहरुले आफ्नो पद जोगाउन वा पद प्राप्त गर्न विस्तारवादी र साम्राज्यवादी शक्तिहरुको अगाडी आत्मसर्मपण गर्दछन् र गरिरहेका छन्। इतिहासमा घटेका अहिलेसम्मको घटनाले यो कुरा स्पष्ट पारिसकेको छ। राष्ट्घाती महाकाली सन्धी, अपर कर्णाली, अरुण तेस्रो, बिप्पा सम्झौता यसका केहि उदाहरणहरु हुन्। त्यसकारण नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्रबाट नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधिनता र क्षेत्रीय अखण्डताको रक्षा हुने कुनै हालतमा हुन सक्दैन। ती पार्टी भित्रबाट साँच्चिकै राष्ट्वादी त्यागी नयाँ नेतृत्व पैदा हुने र पार्टीको समग्र चरित्रमा परिवर्तन आएपछि मात्र ती पार्टीहरुबाट आशा गर्न सकिन्छ तर अहिले ती पार्टीहरुमा त्यस्तो परिवर्तन हुने कुनै सम्भावना छैन। त्यसकारण ती पार्टीहरुमा जनविरोधी राष्ट्रविरोधी नीति र कार्यहरुको विरुद्धमा आन्दोलन केन्द्रीत गर्नु पर्दछ।

हाल सरकार संचालन गरिरहेका र प्रतिपक्षेमा रहेका पार्टीहरुबाट त अब नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधिनता र क्षेत्रीय अखण्डताको रक्षा हुन्छ भन्ने कुरामा कुनै विश्वास छैन। तर दलाल नोकरशाही पुँजीपति र सामन्तवर्ग बाहेक नेपाली जनताको ठूलो हिस्साले नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधिनता र क्षेत्रीय अखण्डताको लागि आवाज उठाइरहेको छन् लडाई लडिरहेका छन्। नेपाली जनताको यो आवाज र लडाई नभएको भए यहाँका राजनीतिक नेता भनाउँदा दलालहरुले नेपाललाई सिक्किम र भुटान जस्तो बनाई सक्ने थिए भन्ने कुरा उनीहरुको व्यवहारले देखाइहेको छ। राष्ट्रिय स्वाधिनताको पक्षमा जर्बजस्त जनमत भएको कारणले यहाँका सत्ताधारीहरुले पनि आफूले चाहेजस्तो गर्न सकेका छैनन्। विस्तारवादको र साम्राज्यवादी शक्तिहरुले पनि आफूले चाहे जस्तो सजिलरी नेपालमा आफ्नो नीति लागु गर्न सकिरहेको छैनन्। त्यो अवस्थामा हामीले नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधिनता र क्षेत्रीय अखण्डताको पक्षमा उभिने जनता र राजनीतिक शक्तिहरुसँग मिलेर एकातिर विस्तारवाद र साम्राज्यवादको दलाली गर्ने शक्तिहरु विरुद्ध अर्कोतिर विस्तारवाद र साम्राज्यवादको विरुद्धमा संघर्षलाई तेज बनाउनु पर्दछ। राष्ट्रिय स्वाधिनताको पक्षमा उभिने शक्तिहरुको एकीकृत आन्दोलनले मात्र नेपालको राष्ट्रिय स्वाधिनताको रक्षा गर्न सक्छ।

## सहिदको वक्तव्य ...

असक्षम भनेर खाते बनाएर मिल्काइदिएका छन्। मरेका जति हाम्रो कुटीतिर आएका छन्। बाँचेका जति खाडितिर भौँतारिएका छन्। यस्तो दर्दनाक अवस्था टुलुटुलु हेरेर बस्नु सिवाय अरू केही भएन हामीलाई। देश बर्बाद भइसक्यो। नयाँ लेण्डुपेहरू जुकाभैँ उम्रिएका छन्। यिनले देशै बेच्न थालिसके। यस्तो अवस्था हेर्न नसकेर सोभासिधा इमान्दार राष्ट्रप्रेमी गरिबगुरुवाहरूलाई जागाउनका लागि यो वक्तव्य जारी गरेका छौँ। लाउकेहरू विग्रँदा पनि कसरी चुप लागेर बस्न सकेको। हामी ब्यूँतिएर जुनी फेर्न पाए फेरी लड्ने थियौँ। त्यो त सम्भव भएन। बाँचेकाले राम्रोसँग लड र राष्ट्र बचाऊ भन्ने हाम्रो अपिल छ।'

म निकैबेर घोत्लिएँ यो बक्तव्य पढेर। कुरो सही गरेका छन् त भन्ने लागो। तर यी मरेका मनुवाले म जिउँदो मनुवालाई किन बोलाए त भनेर सोच्दै थिएँ। एक्कासी भल्याँस्स ब्युँभिदा त म त ओछ्यानमा पो रहेछु। कस्तो सपना देखिएछ आज।

१५ माघ २०७३
kailubraha73@gmail.com

## जीवनको उद्देश्यबारे ...

बनाउनका लागि, कुनै उच्च पदमा पुग्नका लागि, वा आफ्नै महत्वाकांक्षा पूरा गर्नका लागि जोडतोडले लागिरहन्छन्। यो लोकाचार सबभन्दा निन्दनीय चीज हो, र यस्ता लोकाचारीहरूले जस्तोसुकै महान तथा उच्च लक्ष्यलाई पनि कलंकित पार्छन्। यस्ता पाखण्डीहरूलाई पन्छाएर पठाउँदा लक्ष्यको लागि फाइदा नै हुनेछ।

जे होस्, श्रमजीवी जनताको मुक्ति एउटा उच्च तथा उदात्त लक्ष हो। यस लक्षप्रति समर्पित भएर बिताइने जीवन वास्तवमा सार्थक जीवन हो। श्रमजीवी मानवजातिको सेवाको उच्च तथा पवित्र आदर्शबाट अभिप्रेरित भएर जसले सङ्घर्षको बाटोमा आफूलाई लगाउँछ, उसलाई जस्तोसुकै अप्ठ्यारा, बाधा र प्रलोभनले पनि विचलित पार्न सक्नेछैन। त्यस्तो आदर्शमय जीवन बिताउँदा मानिसले कत्रो सुख र आनन्दको अनुभव गर्दछ भन्ने कुरालाई अनुमान मात्र गर्न सकिन्छ।

अन्तमा, श्रमिक जनगणको सेवा गर्न चाहने सबैले निकोलाई अस्ट्रोस्कीको निम्नलिखित भनाइलाई सधैँभरि सम्भिराख्नु र त्यसलाई आफ्नो लागि एउटा निर्देशन बनाउनु उपयुक्त हुन्छ:

"मानिसको सबभन्दा प्यारो सम्पत्ति जीवन हो। मानिसलाई जीवन एकपल्ट मात्र दिइन्छ। उसले जीवनलाई कसरी बिताउनुपर्छ भने उसले खेरगएका वर्षहरूका लागि यातनापूर्ण पश्चाताप गर्न नपरोस्, उसले नीच तथा क्षुद्र अतीतका लागि भत्भती पोल्ने लाजको अनुभव गर्न नपरोस्। उसले जीवनलाई कसरी बिताउनुपर्छ भने मर्ने बेलामा उसले यसो भन्न सकोस्: संसारमा सबभन्दा उच्च लक्ष रहेको मानवजातिको मुक्तिको लागि मेरो सारा जीवन, मेरो सारा तागत लगाइएको छ।"

र धन्य हो उसको जीवन, जसले आफ्नो सारा सामर्थ्य र बुद्धि मानव-मुक्तिको महान तथा उच्च लक्षमा लगाएर, आफ्नो सम्पूर्ण जीवन त्यसको हेतु सङ्घर्षमा बिताएर आखिरमा बडो सन्तोषका साथ मृत्युलाई अंगीकार गर्छ। वास्तवमा यस्तो मृत्यु मृत्यु होइन, बरु अमरताको प्राप्ति हो।

## क्रान्तिकारी माओवादीको ...

समितिका संयोजक हुमागाईको अध्यक्षतामा बसेको बैठकले नेपाल पत्रकार महासंघको आसन्न जिल्ला महाधिवेशन र केन्द्रीय महाधिवेशनलाई लक्षित गरी आवश्यक कार्यक्रम बनाउने, महासंघमा तीन दलीय सिन्डिकेट र भर्तीकेन्द्रको कडा विरोध गर्ने र आवश्यक परे चरणबद्ध त्यसका विरुद्ध संघर्ष गर्ने, नेपाल पत्रकार महासंघमा गैरपत्रकार र निष्क्रिय पत्रकारहरुको सदस्यता खारेजी र श्रमजीवि पत्रकारहरुको पेशागत मुद्दाहरुलाई लिएर आन्दोलनको उठान गर्ने लगायतका निर्णय गरेको छ। बैठकले तीन दलीय पत्रकार संगठनले नेपाल पत्रकार महासंघलाई आफ्ना नेता कार्यकर्ताको भर्तीकेन्द्रको रुपमा बदनाम गराएकोप्रति घोर भर्त्सना प्रस्ताव समेत पारित गरेको छ।

**माडी क्याम्पसमा अखिल (क्रान्तिकारी)को इकाइ समिति गठन**

चितवनको माडी क्याम्पसमा नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)को इकाइ समिति गठन गरिएको छ। संगठनका केन्द्रीय सदस्य अमृत चपाईले दिएको जानकारी अनुसार शुक्रबार भएको एक भेलाले माडी क्याम्पसका मनोज चौधरीको अध्यक्षतामा ९ सदस्यीय इकाइ समिति गठन गरिएको हो। स्ववियु निर्वाचन नजिकिदै गर्दा अखिल (क्रान्तिकारी)ले देशैभरिका क्याम्पसहरुमा संगठन विस्तारलाई तीव्रता दिएको छ।

जम्काभेट

# हामी पनि क. लेनिनजस्तै असल कम्युनिष्ट बनौं!

जगदीश 'पर्जन्य'

*» तपाई कम्युनिष्ट, कम्युनिष्ट पार्टी र कम्युनिष्ट व्यवस्थालाई मायागर्ने मान्छे अहिले नेपाली कम्युनिष्ट आन्दोलनलाई कसरी हेर्नु भएको छ?*

नेपालका करीब ८० प्रतिशत जनता समाजवादी व्यवस्थालाई चाहने खालका छन्। यहाँ असंख्य मार्क्सवादी दिग्गज विद्वान विशेषज्ञ नेता तथा बुद्धिजीवीहरु छन्। यहाँ असंख्य मार्क्सवादी क्रान्तिकारी पत्रिका तथा प्रकाशनको एक प्रकारको बाढी नै छ, र बिक्रीपनित्यतिनै सबल छ, यहाँ मार्क्सवादी पार्टी, प्रतिष्ठान, संस्था, समुह र व्यक्तिका गरी असंख्य प्रगतिशील पुस्तक, संग्रहालय (पुस्तकालय) देशभरि यत्रतत्र पाइन्छ, १० वर्ष जनयुद्ध लडेका छ्यामार योद्धाहरु मेचीदेखि महाकालीसम्म छ्यापछ्याप्ति भेटिन्छन्। यहाँ कम्युनिष्ट आन्दोलनको सफलता र कम्युनिज्मको स्थापनाका लागि चाहिने सम्पूर्ण पूर्वाधारहरु भरिपूर्ण छन्। यहाँ के पो छैन र? कम्युनिष्ट आन्दोलनलाई सकरात्मक-नकारात्मक दुबै हिसाबले उर्जा, हुटहुटी, प्रेरणा र प्रमोशन गराउने राजनीतिक, आर्थिक र सामाजिक विसंगति तथा विश्रृङ्खलताले सगरमाथाको उचाइलाई उछिनेको छ। यहाँ चरम महँगी, बेरोजगारी, भोकमारी, मुद्रास्फिति, सामाजिक असुरक्षा, आर्थिक महासंकट, नवउपनिवेशीकरण अनि विदेशी राष्ट्रको मात्र नभई तिनका खुफिया संस्थाहरुको निर्लज्ज, नाङ्गो चलखेल, देशघाती, विखण्डनवादी तत्वहरुको ध्रुवीकरण र लाज शरमहीन विदेशी दुतावासमा हुने सम्मेलन, रात्रीभोज, चियापान र भत्तावितरणको उदाङ्गो क्रियाकलापहरुको चित्र उत्कर्षमा पुगेको छ। इतिहासमा यस्तो बेला कहिले पनि आएको थिएन।

यसरी कम्युनिष्ट आन्दोलनलाई अनुकूल बनाई दिने राष्ट्रिय संकट (विषेश गरी महाभुकम्प २०७२ पछि) एक्कासी उत्कर्षमा पुगेको बेला कम्युनिष्ट आन्दोलन असरल्ल, छपष्ट र सुस्त छ। यस्तो हुनुको एउटै मूलकारण हो- 'भिजन'को आभाव। अर्थात् विचारको अभाव अर्थात् दार्शनिक, राजनैतिक, आर्थिक, सामाजिक स्वरुपलाई द्वन्द्वात्मक चेतबाट मापन गरी निदान-निर्क्योल गर्ने र कम्युनिज्मलाई त्यहीअनुसार सृजनशील तरिकाले प्रयोग गर्ने सुस्पष्ट द्वन्द्ववादी दृष्टिचेतको महाखडेरी हो। नेपालको मात्र होइन, विश्व कम्युनिष्ट आन्दोलन कै मूल समस्या यहि नै हो। ठोस परिस्थितिको ठोस विश्लेषण द्वन्द्वात्मक भौतिकवादको प्राण हो, आत्मा हो। त्यो प्राणविना कम्युनिष्ट आन्दोलन जड् मुर्च्छित जस्तै भएको छ। यो अवस्थामा अवसरवादी तत्वहरुको विगबिगी बढ्छ, सर्वहारा वर्गको हसियाँ हथौडा भण्डा हातमा लिई त्यसकै बल बर्कत प्रभावमा सत्ता स्वार्थपूर्ति गर्ने सामाजिक सामन्तवादी र सामाजिक पूँजीवादीहरुका लागि यो एकदम अनुकूल अवस्था हुन पुगेको छ। तर आशाका किरणहरु पनि केही समययता देखिन थालेको छ, यो उज्यालोलाई बढाउँदै लानुपर्ने अभिभारा क्रान्तिकारी माओवादीमा आइपुगेको छ।

*» कम्युनिष्ट आन्दोलनमा लागेर थुप्रै उतारचढाब भोग्नु भएको मान्छे, नेपाली कम्युनिष्ट आन्दोलनभित्र क्रान्तिकारी धाराको नेतृत्व अहिले कुन पार्टी र नेतृत्वले गरेको जस्तो लाग्छ?*

हामीले सैद्धान्तिक घोषणा भन्दा पार्टी र नेताका गति, मति र प्रकृति हेरी कुन र को क्रान्तिकारी धारका संवाहक हुन् भनी निदान निर्क्योल गर्नुपर्ने हुन्छ। मेरो विचारमा बन्दुक समात्ने बित्तिकै क्रान्तिकारी भईदैन र वैधानिक गतिविधिमा सारिक हुने वित्तिकै अक्रान्तिकारी हुने होइन। द्वन्द्वात्मक भौतिकवादी दर्शनको आधारशिलामा खडा भई कुरा गर्ने हो भने ठीक समयको ठीक मूल्याङ्कन गरी त्यसैको आधारमा ठीक कार्यनीति-रणनीति, आम कार्यक्रम-ठोस कार्यक्रम, प्रचारात्मक नारा र क्रियात्मक नारा, जनमोर्चा निमार्ण, अन्तरविरोधको निर्क्योल आदि ठीक हिसाबले गर्ने पार्टी र नेतालाई क्रान्तिकारी भन्नु पर्दछ। पुस्तक अध्ययन गरि बसी समयको आवश्यकताअनुसार नीति कार्यक्रमको तय गर्नु पनि क्रान्तिकारी काम नै हो। क. लेनिनको ३ वर्षीय साइबेरिया निर्वासन कालमा उहाँले केवल अध्ययन, मनन्, चिन्तन, लेखकमा आफूलाई चुर्लुम्म डुबाउनु भयो। त्यतिखेर क्रान्तिकारी काम त्यहि थियो। उहाँले करिब ३३ वटा जति महत्वपूर्ण कृति त्यहि लेख्नु भयो र भावी रुसी कम्युनिष्ट पार्टीको सम्पूर्ण रुपरेखा तयार पार्नु भयो।

यो द्वन्द्ववादी चेतले हेर्दा अहिले हाम्रो देश र विदेश सबैतिर निरन्तर (पूर्ण) क्रान्तिकारी धार भएका पार्टी र नेतृत्वको अभाव नै छ। पार्टी र नेताहरु कि त एकदम राइटतिर हुत्तिएका छन् र तिनका काउन्टरमा उभिने जोशमा होश गुमाई अरु केहि चै एकदम लेफ्ट धारातलमा जम्प लगाउन पुगेका छन्। यी दुबैलाई दार्शनिक रुपले क्रान्तिकारी धार भन्न मिल्दैन। तर सापेक्षिक रुपमा हेर्दा नेपालमा क. किरणको नेतृत्वको क्रान्तिकारी माओवादी यी दुवै हयाङबाट धेरै मुक्त छ, अनि इमान्दारिता, सत्य निष्ठा, कम्युनिष्ट आदर्शको धेरै नजिक छ। यो मेरो विचार नभई पूँजीवादी बुद्धिजीवी, सम्पूर्ण जनता र विदेशी शक्तिले समेत बेलाबखत दिने गरेको अभिव्यक्तिबाट प्रष्ट हुन्छ।

*» क्रान्तिकारी माओवादीमा आबद्ध आम नेता र कार्यकर्तालाई के कस्तो सुभाब दिन चाहनु हुन्छ?*

अरबौं भिङ्गा वा बारुलो वा अरिङ्गाल एक ठाँउमा जम्मा भई गोला बनाई प्रयत्नशील हुन्छन् तर तिनले मह बनाउन सक्दैनन्। अनि एकै ठाँउमा सयवटा मात्र मौरी जम्मा होस्, तिनले प्रयत्न गरे मह निर्माण हुन्छ। मात्रा कम होला त्यो दाम्रो कुरा हो। हो, तपाईहरु मौरी अर्थात् सर्वहाराकृत कम्युनिष्ट हुनुहोस् अनि मह (कम्युनिज्म) निर्माण गर्ने कार्य द्रुत गतिमा अधि बढ्छ।

कम्युनिष्ट हुनु भनेको चै जीवन र जगतको गति र मतिलाई यथार्थ रुपमा अध्ययन समीक्षा गरी देशको विशिष्टता पहिचान गर्दै त्यहाँ समतामूलक समाज व्यवस्था स्थापना गर्ने विज्ञान र कलाबाट पूर्ण हुनु हो। क. माओले भन्नुभएको छ- अन्याय भएको देख्दा पनि त्यसको विरोधमा चुपचाप बस्ने व्यक्ति कम्युनिष्ट होइन। म त अभ बढी कुरा भन्छु - नाफा, लाभ, ब्याज आर्जनका कारोबारमा रुचि लिने, भोगविलास र तडकभडकमा बाँच्ने, अध्ययन नगर्ने, नशालु पदार्थ सेवन गरी सँधै असन्तुलित अवस्थामा रहने, स्वास्थ्यसम्बन्धी संचेतना नहुने त्याग, तपस्या, अठोट र बलिदानको भावना नहुने पूँजीवादीहरुले संसारलाई विकृत बनाउन फिंजाएका संचार गतिविधि (टी.भी., पत्रिका प्रकाशक) को अम्मली हुने, साथीभाइ, नेतृत्व र पार्टीलाई भावनात्मक रुपमा प्रेम नगर्ने, निजी आश, त्राश, आत्मसुरक्षाको भाव बढी हुने, आफ्ना महान् गुरुहरुको जीवनप्रति कृतज्ञ वा अहोभाव व्यक्त नगर्ने, द्वन्द्ववादी संचेतना लिई जीवन जगतका हरेक पक्षलाई सम्बोधन गर्न डराउने वा नगरी चूपचाप बस्ने, समाजवादी हार्दिकता नभएको सधैं दुःखी, खिन्न, निराश र नकारात्मक सोच भएको व्यक्ति जतिसुकै मार्क्सवादको विद्वान होस् तर कम्युनिष्ट मानिदैन। स्मरणीय छ- साइबेरियाको माइनस ७५ डिग्री सेल्सीयस तापक्रम भएको ठाउँमा निर्वासित रहँदा पनि क. लेनिनले जीवनमा रक्सी पिएनन्। गोर्कीले लेखेका लेनिनको जीवनी पढ्नुस्, थाहा हुन्छ। त्यस्तै क. लेनिनको दिमाग अत्यन्त तीक्ष्ण, अद्भुत र विश्लेषण क्षमतायुक्त थियो। उनले विश्वका प्रथम साम्राज्यवादी क्रान्ति १९१७ को २४ अक्टोबरको राती जनविद्रोहबाट एक थोपा रगत पनि नबगाई स्थापना गरिदिए। हामी पनि क. लेनिनजस्तै असल कम्युनिष्ट बनौं। अन्त्यमा- धान चोरी खाने मुसाहरु धान गोदाममा असंख्य हुन्छ तर बिरालोको एक म्याउले ती तत्क्षणै लाखापाखा लाग्छन्। विशाल नरभक्षी विषालु सर्पहरुको एउटा ठूलो जमघट वा चौरीमा घाम तपाइ नै किन नहोस् तर एक गरुडको आकाशको उपस्थिति र पखेटाको भ्याट्भ्याटले ती सबै जडवत, निस्तेज, त्राहीमाम र हथप्रद भई भाग्छन्। त्यसैगरी, असंख्य देशद्रोही शोषकहरु जम्मा हुन पार्टी खोलून्, तर एक देशभक्त क्रान्तिकारी पार्टी र नेताको हुँकारले ती त्राहीमाम हुन्छन्, प्रतिक्रियावादीहरु सबै कागजी बाघ हुन्, भन्ने माओको भनाई त्यहि कम्युनिष्ट स्प्रिटबाट आएको हो। यहि मर्मलाई बुझी क्रान्तिकारी माओवादी र यसका नेता कार्यकर्ताहरु अघि बढ्नुस्। मेरो क्रान्तिकारी लाल अभिवादन, ऐक्यबद्धता र शुभकामना पनि।

## क्रान्तिकारी युवा लिग
# ललितपुरको संयोजकमा रोमन महर्जन

**ललितपुर।** आइतबार भएको एक भेलाले क्रान्तिकारी युवा लिग ललितपुरको संयोजकमा रोम महर्जनलाई चयन गरेको छ। लिगको जिल्ला भेला आयोजक समितिका सदस्यहरुमा सुनिल महर्जन, सरोज महर्जन, रत्न विशंखे, कृष्णभक्त महर्जन, निरण तुलाधर, सम्पूर्ण शाक्य, रिना महर्जन, मिलन मगर, साजन महर्जन, मोहन लामा, राजकुमार देउला, सोनाम किराती रहेका छन्।

भेलामा लिगका केन्द्रीय अध्यक्ष अमिर महर्जन, नेकपा (क्रान्तिकारी माओवादी)का ललितपुर इन्चार्ज शिवराम यादव, लिगका राज्य संयोजक राजु, पार्टी सहइन्चार्ज गोविन्द पौडेल, संयोजक श्याम केसीलगायतका नेताहरुको उपस्थिति रहेको थियो।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं.: ०१-५१८७२५६
बल्खु, काठमाडौं।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय: कलंकी, काठमाडौं, फोन नं.: ०१-४२७०७०४, ४२७६३८१
तेह्थुम सम्पर्क: डिल्लराम रेग्मी (९८५२०६०२५४) फोन नं.: ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५७०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा: ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट: पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट: पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# भारतीय उडान चासो र एअर मार्सल



■ परि थापा

हालसालै भारतको राजधानी नयाँ दिल्लीमा सम्पन्न भएको भनिएको नेपाल र भारतका नागरिक उड्डयन निकायका प्रतिनिधिहरुका बीचमा भएको द्विपक्षीय बैठकमा मुख्य गरी हवाई उडान मार्ग सम्बन्धी विषयमा छलफल भएको भन्ने समाचारहरु बाहिर आएका छन् । तर उक्त बैठकमा भारतीय पक्षले पहिले निश्चित गरिएको विषयभन्दा थप विषय समावेश गरेर प्रस्तुत गरियो भन्ने समाचार समेत प्रकाशमा आएको छ । त्यसरी भारतीय पक्षले थप गरेका भनिएको विषय भारतीय नागरिक उड्डयनले उसका उडानहरुमा कार्यान्वयन गर्दै आएको एअर मार्सल अथवा उड्डयन सुरक्षाको विषय रहेको बताएको छ । त्यस विषयमा पनि खास गरेर भारतीय उडान अथवा त्यसमा संलग्न कुनै पनि हवाई जहाजलाई नेपालमा त्यो पनि त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा बास बस्न पर्ने वा रात बिताउन पर्ने अवस्था भएको उसका उड्डयन सुरक्षा बलका सदस्यहरुलाई बासस्थानको समेत व्यवस्था नेपाली पक्षले मिलाइदिनुपर्ने भन्ने विषयसँग सम्बन्धित रहेको भन्ने जानकारीमा आएको छ ।

यस विषयमा चर्चा गर्ने सन्दर्भमा चर्चा गर्दा एउटा घटनाको उल्लेख गर्नु सान्दर्भिक हुनेछ । भारतीय सरकारी ध्वजाबहाक इन्डियन एयरलाइन्सको जहाज जसलाई इण्डियन एअरलाइन्स फ्लाइट ८१४ अर्थात् आम रुपमा भन्नुपर्दा आईसी ८१४ ले चिनिने एअरबस ए३०० जहाजलाई हर्कत-उल-मुजाहिद्दिन भनिने संगठनले अपहरण गरेको थियो । त्यो घटना २४ डिसेम्बर १९९९ मा भएको थियो । नेपालको त्रिभुवन विमानस्थलबाट भारतको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल नयाँ दिल्लीका लागि उडानमा रहेको उक्त विमानलाई पहिला भारतीय शहर अमृतसर त्यसपछि पाकिस्तानको लाहोर अनि संयुक्त अरब इमिरेड्सको दुबई हुँदै आखिरमा अफगानिस्तानको कान्दाहर शहरमा रहेको विमानस्थलमा अवतरण गराइएको थियो । उक्त अपहरणको उद्देश्य भनेको भारतका जेलमा बन्दी बनाइएका इस्लामवादी कार्यकर्ताहरुको रिहा गराउनु रहेको थियो । इन्डियन एअरलाईन्सको सो विमान अपहरणकाण्डपछि भारतीय पक्षले आफ्ना नागरिक उड्डयनका विमानहरुमा एअर मार्शल अथवा उडान सुरक्षा बलको प्रयोग गर्दै आएको छ । त्यस अनुसार नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका सम्पूर्ण सुरक्षा जाँच प्रक्रियाहरु पूरा भएपछि पनि भारतीय उड्डनका विमानहरुमा उडानका लागि प्रवेशभन्दा अगाडि यात्रुहरुको पुनः सुरक्षा जाँच गर्ने काम गरिन्छ ।

कुनैपनि देशले आफ्ना नागरिक उड्डयनमा संलग्न विमानहरुमा उसलाई सुरक्षामाथि धम्की रहेको महशुस भएमा जहाजभित्र सादा पोशाकमा हतियारधारी सुरक्षाबलका सदस्यहरु राख्ने प्रचलन भएको र उक्त विषय सम्बन्धित सबै विमानका मुख्य चालक वा क्याप्टेनलाई मात्र जानकारी हुने बताइन्छ । सोही प्रचलनअनुसार नै भारतीय पक्षले एअर मार्शलको व्यवस्था कार्यान्वयन गर्दै आएको देखिन्छ । त्यस्ता एयर मार्शल वा उडान सुरक्षाबलका सदस्यहरु दोस्रो वा तेस्रो देशका विमानस्थलको जमिनमा विमान अवतरण गरेपश्चात् पनि बाहिर निस्केर बस्ने गर्दैनन् र विमानभित्रै बस्ने गर्दछन् । तर अहिले आएर भारतीय पक्षले उसका नागरिक उड्डयन अन्तर्गत रहेका विमानहरुलाई नेपालका विमानस्थलमा बास बस्नुपर्ने वा रात बिताउनुपर्ने भएमा नेपाली पक्षले उनीहरुलाई विमानबाट बाहिर निस्किएर जमिनमै बासस्थानको व्यवस्था वा सुविधा प्रदान गर्नुपर्दछ भन्ने रहेको छ । त्यसले गर्दा उक्त विषयले गम्भीर छलफल सरोकारको अवस्था सिर्जना गरेको छ ।

सामान्यतः हवाई यात्रालाई अन्य यातायातका साधनभन्दा सापेक्षित रुपमा बढी सुरक्षित मानिने गरिएको छ । त्यसरी सुरक्षित मानिएको यातायातको साधनलाई आफ्ना निहीत स्वार्थ पूरा गराउन अपहरण गरी सर्वसाधारण नागरिक र यात्रुहरुको जीवनमा गम्भीर खतरा पुऱ्याउने घटनाहरु र हुँदै आएका परिघटनाहरुलाई मध्यनजर गर्दै उड्डयन यात्रालाई शतप्रतिशत सुरक्षित तुल्याउनका लागि आवश्यक उपायहरु अवलम्बन गर्नु अनुचित र अन्यथा मान्न सकिदैन र हुँदैन । तर, अहिले भारतीय पक्षले आफ्ना अडान सुरक्षाकर्मीलाई बासस्थानको व्यवस्था उपलब्ध गराउनुपर्ने मागको विरोध हुनु र विरोध गर्नुपर्ने खास कारणहरु छन् ।

त्यस सन्दर्भमा एउटा मुख्य कारकतत्व भनेको भारतीय विस्तारवादी शासकहरुले विगतदेखि आजसम्म नेपालप्रति अपनाउँदै आएको हेपाहा र थिचोमिचो गर्ने र नेपालको आन्तरिक मामलामा मसिनो प्रकारको व्यवस्थापन (माइक्रो म्यानेजमेन्ट)सम्म नै उत्रनु हो । त्यसक्रममा भारतीय शासकवर्गहरुले आफ्ना निकाय र संयन्त्रहरुमार्फत् चलखेल गर्ने बहानामा अनेकन राष्ट्रघाती चलखेल गर्ने र सिंधै सल्लाह, सुझाव एवं निर्देशन दिनका अलवा विभिन्न समयमा नेपालको अर्थतन्त्र, आम नेपाली जनताको जीवनमा त्यसले गम्भीर असर पार्ने खालका आर्थिक नाकाबन्दीहरु लागु गर्दै आएको छ । त्यसैगरी, नेपालमा विकास निर्माणका क्षेत्रमा काम गर्ने बहानामा अनेकन राष्ट्रघाती सन्धि सम्झौताहरु मार्फत् नेपालको राष्ट्रियता, स्वाधीनता, र सार्वभौमिकतामाथि आँच पुऱ्याउने र थिचोमिचो गर्ने कार्य गर्दै आएको छ । उसका यस्ता कार्य र क्रियाकलापका कारणहरुको पृष्ठभूमि रहेको अवस्थामा आम नेपाली जनता र नागरिकहरुमा सन्देह र वितृष्णाको मनोविज्ञान रहेको र विकास भएको छ । त्यसरी एउटा निकटस्थ छिमेकी देश रहनुका बाबजुद पनि आम नेपाली जनताहरुले भारतीय विस्तारवादी शासकहरुको परपीडक प्रवृत्तिप्रति व्यापक घृणाको दृष्टिले हेर्ने गरेका छन् ।

त्यस सन्दर्भमा अर्को मुख्य कारकतत्व भनेको नेपाली शासक वर्गहरु त्यसमा खास गरेर ठूला भनिने पार्टीहरुका शीर्षस्थ नेतृत्वले आफ्नो सत्ता स्वार्थपूर्तिका लागि भारतीय शासक वर्गहरुको दलाली, चाकडी र चाप्लुसी गर्ने प्रवृत्ति जिम्मेवार रहेको छ । उनीहरुमा रहेको त्यसप्रकारका राष्ट्रघाती र जनघाती चरित्रका कारणले गर्दा भारतीय शासकवर्गले सजिलै हेप्ने र खेलवाड गर्ने अवस्था सिर्जना भएको छ । त्यसैगरी नेपालका शासक वर्ग र राज्य संयन्त्रले अन्तर्राष्ट्रिय जगतलाई सामान्य सुरक्षाको सवालमा समेत विश्वस्त पार्न नसकेर उदांगिन पुग्नु हो । त्यसको ज्वलन्त उदाहरणका रुपमा हालैका दिनमा त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा भन्सार विन्दुहरुलाई पार गरेर सहजै रुपमा ठूलो परिमाणमा अवैध सुन भित्रिनुले देखाएको छ । त्यस्ता लज्जास्पद घटनाहरुमा सरकार र प्रशासनको मिलेमतो भएको व्यवहारात पुष्टि भएको छ । त्यसले यहाँको सरकार र प्रशासनमा रहेका व्यक्तिहरुको निहीत स्वार्थपूर्तिका लागि जुनसुकै अनैतिक कार्य गर्न पछि पर्दैनन् भन्ने स्पष्ट पारेको छ । यसप्रकारको चारित्रिक विशेषता भएको राज्य, सरकार र प्रशासनलाई अन्तर्राष्ट्रिय जगतले विश्वास नगर्नु र हेप्नु स्वभाविक हुन जान्छ । जुन कुरा आम नेपाली जनताका लागि लज्जास्पद विषय हो ।

माथि उल्लेख गरिएका विषयहरु तत्काल र हठात भएको होइनन् । त्यसका अगाडि लामो ऐतिहासिक शृंखला जोडिएर आएको छ । हामीले हाम्रा छिमेकी राष्ट्रहरुसँग पारस्परिक सम्मान र समानताका आधारमा समग्र द्विपक्षीय सम्बन्धलाई अघि बढाउनु पर्दछ । त्यसो गर्दा भारतीय विस्तारवादी शासक वर्गहरुको प्रभुत्ववादी हर्कत र नेपाली शासक वर्गहरुको आत्मसमर्पणवादी कार्यका विरुद्ध सशक्त ढंगले प्रतिकार र संघर्ष गर्नु पर्दछ । एअर मार्शल वा उडान सुरक्षाकर्मीको विषय छ, तिनै शृंखलाहरुमध्येको एउटा सानो कडी मात्र हो ।

## राष्ट्रिय स्वाधीनताको ...

विज्ञप्तीमा उक्त विषयका अतिरिक्त नेपालको अनुमतिविना सगरमाथा शिखरको उँचाइ नाप्न नेपाल आउन लागेको भारतीय टोलीलाई सगरमाथा प्रवेशमा रोक्न लगाउन पनि माग गरिएको छ । सम्झौताको विप्लव माओवादीले पनि विरोध गर्दै आएको छ ।

भारतीय जासुसी एन्जेसीले सुरक्षाको दृष्टिले नेपालको हवाई मार्ग अत्यन्तै संवेदनशिल र असुरक्षित भएको निष्कर्ष निकालेकाले थप एअर मार्शलहरु खटाउने तयारी भइरहेको भारतीय संचारमाध्यमहरुले जनाएका छन् । भारतीय अखवार इन्डीयन एक्सप्रेसको अनलाइनमा प्रकाशित समाचार अनुसार भारतीय जासुसी निकायहरुले नेपालको हवाईमार्ग अत्यन्तै असुरक्षित र संवेदनशिल भएको निष्कर्ष निकालेपछि एअरमार्शल थप्ने तयारी भइरहेको छ ।

समाचार अनुसार भारतीय जासुसी निकायले नेपालबाट हवाई अपहरण र आतंकवादी गतिविधि हुन सक्नेतर्फ सचेत गराएको छ । भारतीय अधिकारीहरुले एअर मार्शललाई तालिम दिने भारतीय संस्था राष्ट्रिय सुरक्षा गार्ड (एनएसजी) एअर मार्शल थप गर्न आदेश दिइसकेको समाचारमा जनाइएको छ । एनएसजीले साफ क्षेत्रमा हुने भारतीय उडानहरुमा एअर मार्शल उपलब्ध गराउँदै आएको छ । उक्त संस्थाले गल्फ उडानमा समेत सुरक्षा प्रदान गर्ने योजना बनाइरहेको जनाइएको छ ।

भारत आफ्नो सुरक्षा खतरालाई देखाउँदै नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानहरुको निगरानी गर्न चाहन्छ । त्यसका लागि विगत लामो समयदेखि उसले एअर मार्शलको प्रस्ताव राख्दै आएको थियो । तत्कालीन केपी ओली नेतृत्वको सरकारले तयार पारेको एअर मार्सल सम्झौताको ड्राफ्टमा दाहाल नेतृत्वको सरकारले सम्झौता गरेको समाचार स्रोतहरुले दावी गरेका छन् ।

## माझिफेदा-काठमाडौं गाउँ जनगणतान्त्रिक सम्पर्क मञ्च गठन

**काठमाडौं ।** जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चन्तर्गत काभ्रे जिल्लाको माझिफेदा गाविसबाट स्थायी वा अस्थायी रुपमा काठमाण्डौ उपत्यकामा आएर बसोबास गरिरहेकाहरुको एक भेलाले २९ सदस्यीय माझिफेदा-काठमाडौं गाउँ जनगणतान्त्रिक सम्पर्क मञ्चको कार्यसमिति र ५ सदस्यीय सल्लाहकार समिति समेत गठन गरेको छ ।

कार्यसमितिको संयोजकमा तिलक प्रसाद चौलागाईं, सहसंयोजकमा दलबहादुर श्रेष्ठ, सचिवमा भोजबहादुर स्याङतान, कोषाध्यक्षमा राजकुमार मोक्तान र सदस्यहरुमा रामकृष्ण चौलागाईं, राजन चौलागाई, प्रेम गौतम, अमनबहादुर आपागाईं, सिताराम परियार, सन्तोष परियार, विवश चौलागाई, विजय लामा, सिर्जना घिसिङ, विनोद योन्जन, जगतबहादुर श्रेष्ठलगायतलाई भेलाले चयन गरेको छ भने सल्लाहकार समितिको संयोजकमा दिनेश शर्मा र सदस्यहरुमा बमबहादुर लामा, असलमान लामा, मानबहादुर लामा, सोमबहादुर लामालाई छानेको छ ।

सोमबार भएको उक्त भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य दिनेश शर्माको प्रमुख आतिथ्यता रहेको थियो भने जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चका केन्द्रीय संयोजक हरिकृष्ण गजुरेल, पार्टीका केन्द्रीय सल्लाहकार एकनाथ चौलागाई, बमबहादुर लामा, असलमान लामा, मानबहादुर लामा, सोमबहादुर लामालगायत अतिथिहरुको उपस्थिति रहेको थियो ।

## नेपाली समाजको ...

सत्ता हुनुपर्ने हुन्थ्यो भन्ने दावी गर्नु भयो । वलप्रयोगको पनि आवश्यकता छैन, सर्वहारावर्गको अधिनायकत्व पनि पुरानो भइसक्यो भनेर एकाथरीले मार्क्सवादको औचित्यमाथि नै प्रश्न उठाएको पनि अध्यक्ष किरणले बताए ।

उक्त बहस कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का नेता सीताराम तामाङले नेपालको कृषि खेती हलोले जोत्ने अवस्थामा ५२ प्रतिशतभन्दा बढी किसान रहेकोले यसलाई पुँजीवादी भन्न नसकिने दावी गरे । उनले नोकरशाही तथा दलाल पुँजीवादका विरुद्ध नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको चर्चा गर्दै बाहिरबाट थोपरिएको राजनीतिक परिपाटीले मुलुक पुँजीवादमा जान नसक्ने जिकिर गरे ।

बहस कार्यक्रममा एमालेका उपमहासचिव समेत रहेका वामपन्थी विश्लेषक घनश्याम भूसालले नेपाली समाज सामन्तवादी नरहेकोले अब नेपालमा जनवादी तथा पुँजीवादी क्रान्तिको आवश्यकता नरहेको दावी प्रस्तुत गरे । उनले नेपाली समाजमा दलाल पुँजीवादको दबदबा रहेको चर्चा गर्दै एमालेका केही नेताहरुले दलाल पुँजीवाद पनि भन्न नहुने गरेको दावी गरे । उनले राष्ट्रिय पुँजीवादको विकास गरेर मात्र समाजवादमा जान सकिने बताए । उक्त बहस कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का स्थायी समिति सदस्य आहुतीले नेपाली समाजको वर्ग निर्माणमा जातमा आधारित रहेको चर्चा गर्दै नेपाली समाज पुँजीवादी भइसकेकोले अब समाजवादतिर जानुपर्ने बताए । १९१० को जंगबहादुर राणाले ल्याएको मुलुकी ऐनबाट नेपाली समाज बाहिर निस्कन नसकेको चर्चा गर्दै आहुतीले संघर्ष अझै बाँकी रहेको दावी गरे ।

क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य समेत रहेका उदयीमान अर्थराजनीतिक विश्लेषक रोशन जनकपुरीले कार्यपत्र पेश गरेको उक्त बहस कार्यक्रमको संचालन कवि, लेखक तथा साहित्यकार हिरामणि दुखीले गरेका थिए भने कार्यक्रमको अध्यक्षता जनसाँस्कृतिक आन्दोलनका नेता तथा इच्छुक प्रतिष्ठानका अध्यक्ष इश्वरचन्द्र ज्ञावालीले गरेका थिए ।

## दशगजा मिचेर ...

निर्माण गरेको प्रहरीले जनाएको छ ।

भारतले यसरी दसगजामा बनाएको पक्की सडक र नालाको महोत्तरीका प्रमुख जिल्ला अधिकारी वीरेन्द्र यादवसहितको सुरक्षा निकायको टोलीले स्थलगत निरीक्षण गरेको छ ।

भारततर्फका मधुवनी जिल्लाका डिएम र सशस्त्रका कमाण्डरसँग समन्वय गरी निर्माण गरिएको संरचना भत्काएर मिचिएको दसगजा क्षेत्रलाई खाली गराउन प्रयास भइरहेको जनाइएको छ ।

## व्यक्तिगत घटना दर्ताबारे जान्नैपर्ने कुरा

घटना घटेको २५ दिनभित्र सम्बन्धित गाउँ विकास समिति नगरपालिकामा गई निःशुल्क पाइने फारम भरी घटना दर्ता गरौं

**घटना दर्ता कसले गर्ने**

» जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य व्यक्तिले ।
» विवाह तथा सम्बन्ध विच्छेद घटना पति पत्नी दुवैले ।
» बसाई सराईको घटना परिवार भए मुख्य व्यक्ति नभए बसाईसरी जाने व्यक्तिले ।

**समाज वा राष्ट्रलाई हुने फाइदा**

» राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्दत मिल्ने ।
» शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्दत मिल्ने ।
» खाद्यान्न कार्यक्रम सञ्चालन गर्न सहयोग हुने ।

**व्यक्तिलाई हुने फाइदा**

» घटना दर्ताको प्रमाणपत्र कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
» आमा, बुवा, उमेर आदिको वैधानिक प्रमाण हुने ।
» स्कुलमा भर्ना हुनको लागि सजिलो पर्ने ।
» नागरिकता प्रमाणपत्र लिन सजिलो पर्ने ।
» नाता कायम गर्न सजिलो पर्ने ।
» चलअचल सम्पत्ति नामसारी गर्न सजिलो पर्ने ।
» पति पत्नीबीच वैधानिक सम्बन्ध कायम हुने ।
» जीवन बीमा, पेन्सन, उपदान वा बैंकबाट रकम झिक्न सुविधा हुने ।
» विदेश जानको लागि भिसा प्राप्त गर्न सुविधा हुने ।

**जिल्ला विकास समितिको कार्यालय गोरखा**




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं